वर्ष २० | अंक १५५ | काठमाडौं | सोमवार, २६ फागुन २०८१ | Monday, 10 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक


नारी दिवसमा नेपाल एसबिआई बैंकको नेतृत्व शीप तालीम २

चितवनका अटो प्राविधिकलाई ईभी मर्मत तालीम ३

अर्धवार्षिक समीक्षाले उब्जाएको प्रश्न ४

वृद्धवृद्धाको हेरचाहमा एआईको प्रयोग बढाउँदै चीन ८





**नैतिक आचारणको पालना गरौं**

- झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन र विधिको पालना गरौं,
- भ्रष्टचार, बेइमानीजस्ता अनैतिक क्रियाकलाप विरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भारतीय लगानीकर्ताको मुख्य चासो नेपालको राजनीतिक वातावरण : सर्वेक्षण

**यादव हुमागाई**

काठमाडौं



नेपालमा लगानी रहेको भारतीय उद्योगी व्यापारीले नेपालको राजनीतिक वातावरण हेरेर नेपालमा लगानीको निर्णय लिने गरेको पाइएको छ ।

नेपाल-भारत चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री (एनआईसीसीआई) गरेको 'भारतीय कम्पनीका लागि नेपालमा व्यावसायीक वातावरण'सम्बन्धी अध्ययनमा अधिकांशले राजनीतिक अवस्था लगानीको निर्णयका लागि प्रमुख आधार हुने गरेको बताएका छन् । नेपालमा पटकपटक सरकार परिवर्तन भइरहँदा लगानीको वातावरण बिग्रेको विषय सरोकारवालाहरूले उठाइरहँदा नेपालमा सञ्चालित भारतीय कम्पनीहरूले राजनीतिक वातावरण आफ्नो प्रमुख चासोको विषय रहने बताएका हुन् ।

आइतवार सार्वजनिक गरिएको प्रतिवेदनअनुसार अध्ययनमा ८८ प्रतिशतले लगानीको निर्णयमा राजनीतिक वातावरणले प्रभाव पर्ने बताएका छन् । यसबाट पनि लगानीका लागि राजनीतिक वातावरण कति महत्त्वपूर्ण हुन्छ, स्पष्ट हुने प्रतिवेदनमा उल्लेख छ ।

एनआईसीसीआईले नेपालमा सञ्चालित ३० ओटा भारतीय कम्पनीमध्ये १७ ओटालाई समेटेर अध्ययन गरेको हो । अध्ययनमा नेपालको व्यावसायिक वातावरण र लगानी विस्तारको सम्भावनालाई जोड दिइएको प्रतिवेदनमा उल्लेख छ । अध्ययनमा सहभागीले नयाँ देशमा व्यवसाय विस्तार गर्ने क्रममा नेपालमा लगानी गरेको बताएका छन् । नेपालमा लगानी गर्नुका कारणमध्ये १२ ओटा कम्पनीले भौगोलिक दूरीले गर्दा यो मुलुक छनोटमा परेको बताएका छन् । यसैगरी जनशक्ति उपलब्ध हुने अवस्था पनि लगानीको अर्को मुख्य कारणमा परेको छ ।

लगानीकर्ताहरूले नेपालमा लगानी गर्दा सबैभन्दा बढी समस्या नीतिगत अस्थिरता देखाएका छन् । यस्तै कानूनी तथा प्रशासनिक, प्रक्रियागत र पूर्वाधारहरूको विकास पनि समस्याको रूपमा देखिएको छ ।

अध्ययनमा नेपालमा सञ्चालनमा रहेका भारतीय कम्पनीहरू ३ देखि ५ वर्षभित्र 'ब्रेक इभन'मा पुग्ने गरेको देखिएको छ । तर, कहिले कहीँ भारतमै यो असम्भव रहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

अध्ययन प्रतिवेदनले नेपालमा लगानी गर्न अझै पूँजीको लागत उच्च रहेको र हाल १५-१६ प्रतिशतमा रहेको यो दर अस्थिर रहेको भन्दै यसलाई स्थिर बनाउन तथा लगानीको क्षेत्रका आधारमा घटाउन पनि सुझाव दिइएको छ । हरित अर्थतन्त्रमा हुने लगानीमा पूँजीको लागत घटाउन सकिने अध्ययन प्रतिवेदनले औंल्याएको छ ।


यसैगरी लगानीको वातावरण बनाउन सरकारले नीतिगत स्थिरता कायम गर्ने कामलाई मुख्य प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ ।

भारतीयसहित विदेशी कामदारले आफ्नो तलबको ७० प्रतिशत रकम विप्रेषणका रूपमा आफ्नो देशमा पठाउन सक्ने व्यवस्था नेपालको कानूनमा भए पनि सबै क्षेत्रका एउटै नीति व्यावहारिक नभएको औंल्याइएको छ । यसलाई आम्दानीको आधारमा वर्गीकरण गरी उच्च कमाइ हुने कामदारले ८० प्रतिशतसम्म तलब पठाउन सक्ने कानून आवश्यक पर्ने सुझाव दिइएको छ ।


नेपालस्थित भारतीय दूतावासको तथ्यांकअनुसार सन् २०२२ सम्ममा नेपालमा भारतका १५० ओटा कम्पनीले लगानी गरेका छन् । यी कम्पनीहरूले उत्पादन, सेवा (बैंक, इन्स्योरेन्स, सुक्खा बन्दरगाह, शिक्षा र सञ्चार) ऊर्जा र पर्यटन क्षेत्रमा काम गरिरहेका छन् ।

एनसीसीआईको आयोजनामा आइतवार काठमाडौंमा भएको प्रभाकरशमशेर राणा मेमोरेबल लेक्चर २०२५ को अवसरमा अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको हो ।


**लगानीमा जोखिम कहाँबाट ?**




**सम्भाव्य भारतीय लगानीकर्तालाई जोखिम**




**राजनीतिक वातावरणले लगानी निर्णयमा प्रभाव पार्छ ?**




स्रोत : एनआईसीसीआईको अध्ययन प्रतिवेदन

# कुलमानको पद संकटमा ?

**प्रशान्त खड्का**

काठमाडौं



विगतमा निकै ढिला कार्यसम्पादन विवरण बुझाए पनि विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मूल्यांकनमा उच्च अंक प्राप्त गरेका थिए ।

सत्तामा पुगेदेखि नै घिसिङलाई हटाउन अनेक बहाना खोजिरहेको वर्तमान सरकारले भने कार्यसम्पादनभन्दा पनि ढिलो विवरण बुझाएकोलाई प्रमुख आधार मान्दै उनलाई हटाउने प्रयत्न गरेको छ । त्यसैलाई आधार मान्दै मन्त्रिपरिषद्ले किन नहटाउने भनी घिसिङलाई स्पष्टीकरण सोधिसकेको छ ।

आइतवार स्पष्टीकरण दिँदै घिसिङले कार्यसम्पादन सम्झौतामा विवरण कहिलेसम्म बुझाउने भन्ने नलेखिएको र विगतमा माघसम्म पनि विवरण बुझाएको र त्यसैअनुसार कार्यसम्पादन मूल्यांकन भएको स्पष्टीकरण दिएका छन् ।

आर्थिक अभियानलाई प्राप्त प्राधिकरण सञ्चालक समिति र उनीबीच भएको कार्यसम्पादन सम्झौताअनुसार कार्यसम्पादन पेश गर्नुपर्ने निश्चित मिति नतोकिए पनि आर्थिक वर्ष (आव) २०८०/८१ को कार्यसम्पादन मूल्यांकन २०८१ को भदौ मसान्तभित्र गरी सक्नुपर्ने उल्लेख छ । यसको अर्थ भदौ मसान्तअघि नै उनले विवरण बुझाइसक्नुपर्ने हुन्छ । ऊर्जा मन्त्रालयका सहसचिवको नेतृत्वमा गठन हुने मूल्यांकन समितिले कार्यसम्पादन मूल्यांकन गरेपछि उनी र मन्त्रालयलाई मूल्यांकन प्रतिवेदन बुझाउनुपर्ने सम्झौतापत्रमा उल्लेख छ ।

तर, कानूनविद्हरू समयमै विवरण नबुझाउँदैमा पदबाटै हटाउनु कानूनसम्मत हुनेमा विश्वस्त छैनन् ।

'यो विषय पछि अदालतमा पुगेमा अदालतले नै निर्णय गर्ला तर ढिलो विवरण बुझाउँदा प्राप्त गर्ने अंक घटाउन सकिएला तर पदबाटै हटाउनु कानूनसम्मत होला जस्तो लाग्दैन,' एक कर्पोरेट वकिलले आर्थिक अभियानसँग भने । वरिष्ठ अधिवक्ता प्राडा गान्धी पण्डितले घिसिङले कार्यसम्पादन प्रतिवेदन समयमा नबुझाएको आधारमा उनलाई शून्य अंक दिएर सरकारले पदबाट मुक्त गर्नु गलत कदम हुन जाने बताए ।

'यदि घिसिङले कार्यसम्पादन प्रतिवेदन समयमा नबुझाउँदा मुलुकको ऊर्जाक्षेत्रलाई नै संकट पर्ने अवस्था हुन्थ्यो भने उनलाई

- भदौ मसान्तभित्रै कार्यसम्पादन मूल्यांकन भइसक्नुपर्ने कार्यसम्पादन सम्झौतामा उल्लेख
- समयमै विवरण नबुझाउँदैमा पदबाट हटाउन मिल्ने कि नमिल्ने भन्नेमा अन्योल
- कार्यसम्पादन विवरण बुझाउनुपर्ने कुनै समयावधि नतोकिएको कुलमानको दाबी
- विगतमा माघसम्म विवरण बुझाए पनि कार्यसम्पादन मूल्यांकन भएको कुलमानको भनाइ

कारबाही गर्नु स्वाभाविक मानिन्थ्यो,' उनले भने, 'तर, त्यो कुराले ऊर्जाक्षेत्रलाई कुनै असर नगर्ने हुँदा त्यही कुरालाई आधार मानी उनलाई कारबाही गर्नु गलत हुन्छ । उनले काम राम्रो गरेका छन् भन्ने कुरा जगजाहेर नै छ ।'

तर, लामो समयदेखि पानी बाराबारको सम्बन्धमा रहेका ऊर्जामन्त्री दीपक खड्काले भने घिसिङले समयमै विवरण नबुझाएकाले कार्यसम्पादन मूल्यांकनमा शून्य अंक दिइएको फागुन २२ गते संसद्मा बताएका थिए । आइतवार मन्त्रालयलाई बुझाएको १७ पृष्ठ लामो स्पष्टीकरण पत्रमा घिसिङले कार्यालयकै काममा अहोरात्र खट्नुपर्दा भदौ मसान्तभित्र विवरण बुझाउन नसकेको उल्लेख गरेका छन् । 'सम्झौतापत्रमा कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने समयावधि उल्लेख छैन । यद्यपि कार्यालयको कार्यव्यस्तता, संस्थागत हितका निम्ति अहोरात्र खटिनु परेको कारणले भदौ मसान्तभित्र पेश गर्न नसकिएको अवस्थामा मन्त्रालयमा अनुरोध गरी त्यसभन्दा पछाडि बुझाउँदै आएको र मूल्यांकन हुँदै आएको छ ।'


आव २०८०/८१ को कार्यसम्पादन मूल्यांकन प्रतिवेदन भदौ र असोजमा आएको अविरल वर्षाले उत्पादन, प्रसारण र वितरण संरचनामा पुऱ्याएको क्षतिलाई तत्काल मर्मतसम्भार गरी विद्युत् आपूर्ति सुचारु गर्न दिनरात खटिनुपरेकाले पेश गर्ने समयावधिबारे गत कात्तिक ७ र मङ्सिर ४ को पत्रद्वारा अनुरोध गरी गत पुस २४ मा पेश गरिएको जवाफी पत्रमा उल्लेख गरिएको छ । यसअघि भदौ मसान्तभित्र पेश गर्नुपर्ने कार्यसम्पादन प्रतिवेदन ढिलो गरी बुझाएको कारण देखाउँदै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले उनलाई आव २०८०/८१ को कार्यसम्पादन मूल्यांकनमा शून्य अंक दिएको थियो ।

सम्झौताको प्रावधानबमोजिम कार्यसम्पादन मूल्यांकन गरिँदा ५० प्रतिशतभन्दा कम अंक प्राप्त भएमा नियुक्ति रद्द गर्न सकिने व्यवस्था छ । सोही प्रावधानलाई आधार बनाउँदै घिसिङलाई पदबाट हटाउन यही फागुन २१ मा ऊर्जामन्त्री दीपक खड्काकै नेतृत्वमा मन्त्रिपरिषद्ले नै तपाईंलाई पदबाट किन नहटाउने भन्दै ३ दिनको समय दिएर घिसिङसँग स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । » बाँकी पृष्ठ ५ मा


## धनगढीमा ७५३ जना क्षमताको सभाहल

धनगढी (अस) । सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा ७५३ जना क्षमताको सभाहल तयार भएको छ । संघीय शहरी विकास मन्त्रालयको ३२ करोड रुपैयाँभन्दा बढी लगानीमा सभाहल निर्माण भएको हो । आइतवार प्रधानमन्त्री केपी शर्मा ओलीबाट सभाहलको उद्घाटन भएको छ । यसले धनगढीमा सभाहलको अभाव टार्ने अपेक्षा गरिएको छ ।


**नेप्से परिसूचक**




**सुन (तोला)**




**अमेरिकी डलर**




# कोभिड-१९ पछि विराटनगर नाकाबाट प्रशोधित छाला निकासीमा सुधार

### स्वदेशमै कच्चा छाला नपाउँदा अर्धप्रशोधित छाला आयात गर्न पाउनुपर्ने उद्योगीको माग

**विराटनगर भन्सारबाट प्रशोधित छाला निर्यात**

| आर्थिक वर्ष | निर्यात मूल्य | परिमाण (किलो) |
|---|---|---|
| २०७७/७८ | रू. १० करोड ५९ लाख ४ हजार | ८ लाख २१ हजार ६२९ |
| २०७८/७९ | रू. २० करोड ४१ लाख ८० हजार | १७ लाख ५७ हजार ५७६ |
| २०७९/८० | रू. २४ करोड ५७ लाख ३९ हजार | १३ लाख ७९ हजार |
| २०८०/८१ | रू. २१ करोड १७ लाख | १२ लाख २४ हजार ७९८ |
| २०८१/८२ (७ महीना) | रू. १० करोड ८० लाख ६५ हजार | ६ लाख ८५ हजार ४६२ |

स्रोत : विराटनगर भन्सार कार्यालय

**वेदराज पौडेल**

विराटनगर

कोभिड-१९ महामारीका कारण समस्यामा रहेका छाला उद्योगहरूले केही वर्षयता यसको निर्यात बढाएका छन् । तर, देशभित्र काँचो छाला उत्पादन घट्दा तयारी छालाजन्य वस्तुको उत्पादनमा असर परिरहेको उद्योगीहरूको गुनासो छ ।

विराटनगर भन्सार कार्यालयको तथ्यांकअनुसार यो नाकाबाट छालाको निकासी अघिल्ला वर्षहरूको तुलनामा बढ्दै गएको छ । कोरोनाको प्रभाव कम हुँदै गएपछि आर्थिक वर्ष (आव) २०७७/७८ मा १० करोड ५९ लाख ४ हजार १९१ रुपैयाँ बराबरको ८ लाख २१ हजार ६२९ किलोग्राम छाला विराटनगर भन्सार नाकाबाट भारतलगायत तेस्रो मुलुकमा निकासी भएको थियो ।

आव २०८०/८१ मा केही घटेर २१ करोड १७ लाख रुपैयाँ बराबरको १२ लाख २४ हजार ७९८ किलोग्राम सबै किसिमको तयारी छाला निकासी भएको छ । चालू आव २०८१/८२ को माघसम्ममा १० करोड ८० लाख ६५ हजार रुपैयाँ बराबरको ६ लाख ८५ हजार ४६२ किलोग्राम पशुचौपायाको तयारी छाला निकासी भएको तथ्यांक छ । विराटनगर भन्सार कार्यालयका अनुसार यो वर्ष अघिल्लो वर्षको तुलनामा छालाको निकासी बढ्ने देखिएको छ ।

कोभिड-१९ पछि तुलनात्मक रूपमा छाला निकासीमा सुधार आए पनि आव २०७४/७५ भएको निकासीको तुलनामा पछिल्ला वर्षहरूको निकासी निकै कम हो । उक्त आवमा ३७ करोड ६१ लाख १५ हजार रुपैयाँ मूल्यको ५१ लाख ३८ हजार ११९ वर्गफिट छाला निकासी भएको तथ्यांक छ । » बाँकी पृष्ठ ५ मा

### फ्रिक्वेन्सी दस्तुर विवादमा उच्चको आदेश

# नेपाल टेलिकमले ९० करोड थप दस्तुर तिर्नु नपर्ने

- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०८० को पुनरवलोकन गर्न निर्देशनात्मक आदेश
- अदालतले 'कुनै पनि कानून वा नीतिले भूतप्रभावी असर गरी वित्तीय बोझ लगाउन नसक्ने' सिद्धान्तलाई दोहोऱ्याएको छ
- २१०० मेगाहर्ज ब्यान्डलाई थ्रीजी सेवाका लागि मात्र सीमित गर्नु प्रविधि तटस्थताको सिद्धान्तविपरीत हुने अदालतको ठहर
- एनसेल पनि प्राधिकरणको निर्णयविरूद्ध सर्वोच्चमा, फैसला हुने छाँटकाँट छैन

**विजय दमासे**

काठमाडौं

फ्रिक्वेन्सी दस्तुर विवादमा नेपाल दूरसञ्चार लिमिटेड (नेपाल टेलिकम)लाई राहत हुने गरी उच्च अदालत पाटनले दिएको आदेशको पूर्णपाठ सार्वजनिक भएको छ । नेपाल टेलिकमले फ्रिक्वेन्सी दस्तुर बुझाउने सम्बन्धमा गरेको निर्णय र पत्राचार बदरको माग गर्दै प्राधिकरण, सञ्चार मन्त्रालयलगायतलाई विपक्षी बनाएर २९ माघ २०८० मा कम्पनी अदालत गएको थियो ।

हालै सार्वजनिक फैसलाको पूर्णपाठमा फ्रिक्वेन्सी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी नीति, २०८० को बदर मागसमेत गरिएको रिटमा न्यायाधीशद्वय रमेश ढकाल र दुर्गाप्रसाद ढुंगेलको संयुक्त इजलाशले रेडियो फ्रिक्वेन्सी नीति २०६९ को दफा ११ मा रहेको व्यवस्था कानूनको सिद्धान्तविपरीत रहेको ठहर गरेको छ ।

अदालतले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०८० लाई कानूनी, आर्थिक र व्यावहारिक पक्षसमेतको आधारबाट न्यायोचित आधारमा कानूनी ढाँचाअनुसार हुने गरी आवश्यक संशोधन गर्न निर्देशनात्मक आदेशसमेत जारी गरेको छ । » बाँकी पृष्ठ ५ मा

## आदेशको पर्खाइमा एनसेल

२१०० मेगाहर्ज फ्रिक्वेन्सी ब्यान्डसम्बन्धी विवाद टेलिकमसँग मात्रै नभएर एनसेलसँग पनि छ । एनसेलले पनि प्राधिकरणविरुद्ध सर्वोच्च अदालतमा मुद्दा लडिरहेको छ, जसको टुंगो लागिसकेको छैन ।

एनसेलले उपभोग गरिरहेको २१०० मेगाहर्जअन्तर्गतको २८१० मेगाहर्ज ब्यान्डविथ फ्रिक्वेन्सीका लागि आव २०६४/६५ देखि २०७८/०७९ सम्म प्रतिवर्ष प्रतिमेगाहर्ज १ करोड ५० लाख रुपैयाँका दरले हुन आउने फ्रिक्वेन्सी दस्तुर बुझाउन प्राधिकरणबाट विभिन्न मितिमा गरिएको पत्राचार खारेजीको माग गरी कम्पनी २०७८ पुस २७ मा सर्वोच्च अदालत गएको थियो । उक्त रिट दायर गरेको ३ वर्ष बित्दासमेत अहिलेसम्म आदेश आएको छैन ।

सर्वोच्चमा लामो समय मुद्दा विचाराधीन भएकै कारण एनसेलले बक्यौता भुक्तानी नगरेको भन्दै दूरसञ्चार प्राधिकरणले महीनौंदेखि उपकरण आयात, विदेशी मुद्रा सटही सिफारिशको काम रोकिदिएको छ ।

यसले कम्पनीको सेवा विस्तार र गुणस्तरमा ठूलो धक्का पुगेको एनसेलका अधिकारीहरूले बताउँदै आएका छन् । उनीहरूका अनुसार एनसेलबाट भुक्तानी नपाएको भन्दै टाटा कम्युनिकेशन्स इन्टरनेशनलले गत असार ३ गतेदेखि ब्यान्डविथ बिक्री नै रोकिदिएको छ । यसले थप समस्या झेल्नुपरेको छ । यस्तो समस्याबीच हालैको नेपाल टेलिकमको यस्तैखाले मुद्दामा उच्चको आदेश सकारात्मक आएको भन्दै केही आशा पलाएको एनसेलका अधिकारीहरूले बताएका छन् । उनीहरूका अनुसार एनसेलकै पक्षमा निर्णय आउने सम्भावना बढेर गएको छ ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

फागु पर्व नजिकिँदै गर्दा काठमाडौंको असनस्थित एक पसलमा बेलुन, पिचकारी आदि खरीद गर्दै मानिस ।

# नारी दिवसमा नेपाल एसबिआई बैंकको नेतृत्व शीप तालीम



काठमाडौं (अस) । अन्तरराष्ट्रिय नारी दिवसको अवसरमा नेपाल एसबिआई बैंक लिमिटेडले काठमाडौं उपत्यकामा रहेका शाखाका महिला कर्मचारीलाई नेतृत्व शीपसम्बन्धी तालीम दिएको छ। सो अवसरमा महिला कर्मचारीले नेतृत्व शीपलाई उजागर गर्दै उत्साह र एकताका साथ अन्तरराष्ट्रिय नारी दिवस मनाएका थिए ।

काठमाडौंमा आयोजित उक्त कार्यक्रममा विश्वव्यापी रूपमा प्रख्यात भारतीय अमेरिकी नेतृत्व विज्ञ एवं प्रशिक्षक पायल नानजियानीले नेतृत्व शीपसम्बन्धी प्रशिक्षण दिएकी थिइन् । कार्यक्रममा बैंकिङ क्षेत्रमा महिलाको उपलब्धि, योगदान, महिला सशक्तीकरण र समावेशिताको विषयमा समेत चर्चा गरिएको थियो ।

बैंकले विगत ३१ वर्षदेखि बैंकिङ सेवा प्रदान गर्दै आएको छ । हाल बैंकका १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ, ७ प्रादेशिक कार्यालय, १२५ एटीएम र १ कर्पोरेट कार्यालय छन् ।

# एनएमबि बैंकको सीईओमा घिमिरे र वरिष्ठ डीसीईओमा उपाध्याय

## केसीको कार्यकाल लम्ब्याइयो



काठमाडौं (अस) । एनएमबि बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा गोविन्द घिमिरे र वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत (वरिष्ठ डीसीईओ)मा सुदेश उपाध्याय नियुक्त भएका छन् । बैंक सञ्चालक समितिले हाल नायव प्रमुख कार्यकारी अधिकृत पदमा रहेका घिमिरेलाई आगामी वैशाख १० गतेदेखि लागू हुने गरी ४ वर्ष अवधिका लागि सीईओ पदमा र हाल नायव प्रमुख कार्यकारी अधिकृत पदमा रहेका उपाध्यायलाई वरिष्ठ डीसीईओ पदमा बढुवा गर्ने निर्णय गरेको हो ।

एनएमबि बैंकको प्रमुख कार्यकारी अधिकृतको रूपमा दोस्रो कार्यकाल पूरा गर्न लागेका सुनिल केसीको कार्यकाल २०८२ वैशाख ९ गतेसम्मको लागि लम्ब्याइएको छ। बैंकको सञ्चालक समितिको फागुन २३ गते बसेको बैठकले केसीको कार्यकाल लम्ब्याउने निर्णय बैंक सञ्चालक समितिले गरेको हो ।

यसबीचको अवधिमा हस्तान्तरण र अधिग्रहण (हेन्डओभर र टेकओभर)को काम हुने केसीले बताए। केसीको दोस्रो कार्यकाल फागुन मसान्तमा सकिन लागेकोमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) कार्यान्वयनको मितिले ८ वर्षसम्म हुनेगरी लम्ब्याइएको बताइएको छ। बाफिया २०७४ वैशाख १० गतेदेखि कार्यान्वयनमा आएको थियो । पाटन उच्च अदालतले बाफिया कार्यान्वयनको मितिले २ कार्यकाल अर्थात् ८ वर्ष प्रमुख कार्यकारी अधिकृतमा काम गर्न पाउने व्याख्या गरेपछि उनको पदावधि लम्ब्याउने बाटो खुलेको हो ।

एनएमबि बैंक दि फिनान्सियल टाइम्स लण्डनको 'द ब्याङ्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंक 'बैंक अफ दि इयर एसिया २०२१' को उपाधि प्राप्त बैंक हो । बैंकले हाल देशभर २०२ शाखा, १८७ एटीएम र १० एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीलाई पूर्व सेवाकालीन तालीम




काठमाडौं (अस) । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि प्रदेशगत रूपमा छनोट गरेका नवनियुक्त ९४ जना सहायक (प्रशासन सेवा) कर्मचारीलाई लक्षित गरी चौधदिने पूर्व सेवाकालीन तालीम काठमाडौंमा शुरू गरेको छ ।

तालीमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले तालीमले बैंकिङ कार्यप्रतिको ज्ञान बढाउनुका साथै कामप्रति स्मार्टनेश, सकारात्मकता र सेवाभाव झल्कने बताए । उनले नवनियुक्त कर्मचारीलाई प्रतिस्पर्धी बजारमा खरो रूपमा उत्रनुका साथै जनताको असल सेवक हुनुपर्ने बताए । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरू सरस्वती अधिकारी र देवेशप्रसाद लोहनीले नवनियुक्त कर्मचारीलाई कार्यस्थलमा जिम्मेवारी वहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराए । कार्यक्रममा मानव संसाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त कर्मचारीलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराएका थिए । कार्यक्रम मानव संसाधन विभागका विभागीय उपप्रमुख हरिबाबु आचार्यले सञ्चालन गरेका थिए ।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरू पवन रेग्मी, विमल डंगोल, दुर्गाकुमारी कँडेल, विभागीय प्रमुख पद्मालक्ष्मी जिसी लगायत कर्मचारीको उपस्थिति थियो । बैंकले हाल २९४ शाखा, ७२ एक्सटेन्सन काउन्टर, ३१२ एटिएम र ९९ शाखारहित बैंकिङमार्फत सेवा दिँदै आएको छ ।

# सिटिजन्स बैंकका ग्राहकलाई इलाइट डेण्टलमा छूट

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको सामाखुशीस्थित इलाइट डेण्टल स्टुडियोबीच बैंकका ग्राहकलाई छूट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डबाहक, प्रिभिलेज कार्डबाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले इलाइटका सेवामा १५ प्रतिशत छूट पाउनेछन् ।



यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ । बैंकले डिजिटल बैंकिङको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ ।

प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त सिटिजन्स बैंकले केही समयअघि फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ। साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याइएको बताइएको छ । बैंकले १९९ शाखा, १६५ एटीएम, ३ विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट बैंकिङ सेवा दिँदै आएको छ ।

# उद्योगी कुमुद दुगड भारतमा सम्मानित




विराटनगर (अस) । वरिष्ठ उद्योगी कुमुद दुगड भारतको गोवामा सम्मानित भएका छन् । भारतको गोवामा हालै आयोजित फ्लोर मिल सञ्चालक तथा विषय विज्ञहरूको सम्मेलनमा दुगडलाई सम्मान गरिएको नेपाल फ्लोर मिल एशोसिएशनले जानकारी दिएको छ ।

फेडरेशन अफ रोलर्स फ्लोर मिल इण्डियाद्वारा आयोजित 'द फ्युचर अफ मिलिङ, भिजन २०३० एण्ड बियोण्ड' विषयक सम्मेलनमा दुगडलाई सम्मान गरिएको एशोसिएशनले बताएको छ । भारतीय लोकसभाका सांसद प्रवीण खण्डेवालसहित फेडरेशन अफ रोलर्स फ्लोर मिल इण्डियाका केन्द्रीय अध्यक्ष नवनीत चित्लाङ्गिया तथा अन्य अतिथिहरूले नेपाल फ्लोर मिल एशोसिएशनका केन्द्रीय अध्यक्ष समेत रहेका दुगडलाई दोसल्ला ओढाएर सम्मान गरेका हुन् ।

एशोसिएशनका उपाध्यक्ष विकास बेगवानीले नेपालका उद्योगी अन्तरराष्ट्रिय सम्मेलनमा सम्मानित हुनु गौरवको विषय भएको उल्लेख गरे । नेपालबाट १६ जना वरिष्ठ उद्योगी सहभागी रहेको उक्त सम्मेलनमा आगामी दिनमा मैदा मिलको सञ्चालन लागत घटाएर कसरी दिगो बनाउने भन्ने विषयमा विज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका थिए । यसका लागि आधुनिक प्रविधि र सुरक्षित भण्डारणका लागि सामूहिक प्रतिबद्धता गरिएको थियो ।

नेपालमा हाल ४६ ओटा ठूला फ्लोर मिल सञ्चालनमा छन् । एशोसिएसनका अनुसार उक्त संख्याका मिललाई वार्षिक ९ लाख मेट्रिक टन गहुँ आवश्यक पर्छ, जसमध्ये ६ लाख मेट्रिक टन आन्तरिक रूपमा आपूर्ति र अपुग ३ लाख मेट्रिक टन गहुँ भारत तथा अन्य मुलुकबाट आयात हुँदै आएको छ ।

एशोसिएशनका उपाध्यक्ष बेगवानीका अनुसार सम्मेलन फ्लोर मिल उद्योगीका लागि फलदायी रह्यो । यस्ता मिललाई नयाँ प्रविधिमा रूपान्तरण गर्दा १० प्रतिशत खर्च कटौती गर्न सकिने, अत्याधुनिक प्रविधि अपनाउँदा ९ महीनासम्म गहुँ सुरक्षित भण्डारण गर्न सकिने जानकारी सम्मेलनबाट पाएको उनले बताए । आधुनिक प्रविधि प्रयोग गर्दा जनशक्ति घट्ने भएकाले अहिलेको तुलनामा समग्रमा २५ प्रतिशतसम्म खर्च घट्न सक्ने अनुमान गरिएको छ ।

'उत्पादन लागत घट्दा उपभोक्ता र उद्योगी दुवैलाई फाइदा पुग्नेछ,' उनले भने। फ्लोर मिलका प्राविधिक उत्पादनका लागि लखनउमा प्राविधिक तालीम केन्द्र सञ्चालनमा ल्याइने, भारत सरकारले कफी र चिया बोर्ड गठन गरेझैं गहुँ बोर्ड समेत गठन गर्ने तथा नेपालका उद्योगी, व्यवसायी र प्राविधिकलाई नियमित रूपमा तालीमको अवसर प्रदान गरिने घोषणा समेत गरिएको जानकारी बेगवानीले दिए ।

# आईआईएमएसमा नेटाका ३२८ गाडी बुक

काठमाडौं (अस) । इन्डोनेसियामा आयोजना भएको 'इन्डोनेसिया इन्टरनेसनल मोटर शो(आईआईएमएस)'मा ३२८ ओटा नेटाका गाडीले बुकिङ पाएका छन् । पहिलोपटक यस शोमा सहभागी भएको कम्पनीका उक्त संख्यामा नेटा भी र नेटा एक्सका गाडीले बुकिङ पाएका हुन् ।

गत फेब्रुअरी १३ देखि २३ सम्म जकार्तामा उक्त शो आयोजना गरिएको थियो । पीटी नेटा अटोका प्रबन्धनिर्देशक क्रिस लानले यो उपलब्धिले इन्डोनेसियाली ग्राहकको कम्पनीप्रतिको विश्वास उजागर भएको बताए । 'यसले उच्च गुणस्तरीय, किफायती विद्युतीय सवारी उपलब्ध गराउने हाम्रो प्रतिबद्धतालाई थप मजबुत बनाउँछ,' उनले भने । लानले इन्डोनेसिया विश्वकै ठूला ईभी बजारमध्ये एक बन्ने सम्भावना रहेको भन्दै नेटाले यसलाई समर्थन गर्दै विक्रीपछिको सेवामा केन्द्रित रहने बताए ।




आईआईएमएसमा नेटाले नेटा भी२ अर्बान स्पोर्ट कन्सेप्ट प्रस्तुत गरेको थियो । शोमा कम्पनीका गाडीमा निःशुल्क वालचार्जर, विशेष बीमा र लाइफटाइम वारेन्टीजस्ता आकर्षक अफर प्रदान गरिएको बताइएको छ । यसैबीच नेपालमा नेटाको आधिकारिक वितरक सीजी मोटर्सले १ हजारभन्दा बढी नेटा भी र नेटा एक्स विक्री गरिसकेको बताइएको छ ।

**अपार्टमेन्ट खाली गर्ने बारे १५ दिने सार्वजनिक सुचना**

*का.म.न.पा. वडा नं ४ चण्डोल स्थित श्री ओजस्वी शाहको प्रेस्टिज अपार्टमेन्टको लालिगुराँस ९ ब्लकमा मिति २०७५/०९/०५ गते देखि घर बहालमा बस्दै आउनुभएका अर्घाखाँची जिल्ला निवासी श्री गोकर्ण प्रसाद श्रेष्ठले २०७६ साल माघ महिना देखि हालसम्म बहाल नबुझाई सम्पर्कमा समेत नआएकाले निवेदक ओजस्वी शाहको अभियान दैनिकमा अपार्ट्मेन्ट खाली गर्ने सम्बन्धि ३५ (पैतिस) दिने सार्वजनिक सुचनाको प्रतिलिपी समेत राखि अपार्ट्मेन्ट खाली गराईपाऊँ भनी निवेदन पर्न आएकोले यो सार्वजनिक सुचना जारी गरिएकोछ। यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा वडा कार्यालयमा सम्पर्क गरी आफुले बुझाउनु पर्ने बहाल रकम बुझाई अपार्टमेन्ट खाली गराईदिनुहोला अन्यथा प्रचलित कानुन बमोजिम भइजाने ब्यहोरा समेत सुचित गरिन्छ ।*

**का.म.पा ४ वडा कार्यालय, बालुवाटार, काठमाण्डौ ।**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

**(प्रथम पटक प्रकाशन मिति २०८१/११/२६)**

श्री डोक्पा सा.व.उ.स, चौकुने गा.पा.९ र १०, सुर्खेतको वन क्षेत्रबाट उत्पादित साल जातको गोलिया काठ ७२ थानको ६९१.७५ क्यूफिट जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत स:मिल, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि समूहको कार्यालयसँगै डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयमा टाँस गरिएको छ।

**श्री डोक्पा सामुदायिक वन उपभोक्ता समूह**
चौकुने गाउँपालिका-९ र १०, सुर्खेत

**भुक्तानी हुन बाँकी रहेको लाभाशं लिन आउने सम्बन्धी सूचना**

यस बैंकको शेयरको प्रारम्भिक निष्काशनको समयमा धितोपत्र खरीदका लागि पेश गरेकोमा आंशिक रुपमा शेयर परेर बाँकी रहेको रकम तथा शेयर नपरेको रकम फिर्ता नलिने लगानीकर्ताहरुको विवरण तथा आ.व २०५२/०५३ देखि २०७४/०७५ सम्म यस बैंकको बिभिन्न साधारण सभाहरुमा पारित (पाँच बर्षभन्दा पुरानो) लाभाशं अहिले सम्म पनि नलिनु भएका शेयरधनी र लगानीकर्ताहरुलाई आफ्नो परिचयपत्रका साथ यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस बैंकको प्रधान कार्यालय ईबिएल हाउस लाजिम्पाट काठमाण्डौमा रहेको शेयर शाखामा सम्पर्क राखी फिर्ता लिन बाँकी लगानी रकम तथा लाभाशं पुर्जा बुझिलिनु हुन अनुरोध गर्दछौं । अन्यथा, फिर्ता लिन बाँकी रकम तथा लाभाशं रकम कम्पनी ऐन, २०६३ को दफा १८२(९), दफा १८३(१) बमोजिम स्थापित "लगानीकर्ता संरक्षण कोष" मा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ अनुसार पठाइने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-venture with punjab national bank, India)
प्रधान कार्यालय
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४५४३३७७
दिगो, दरिलो र विश्वासिलो

**भाका नाघेका ऋणीहरु लाई ३५ दिन भित्र कर्जा चुक्ता गर्न आह्वान गरीएको अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८१ साल फागुन महिना २६ गते सोमबार)

यस संस्थाका सदस्य ऋणीले यस संस्था बाट विभिन्न व्यवसाय संचालन गर्न बापत कर्जा लिएको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज र हर्जाना आदी रकम संस्थामा गरेको कर्जा सम्बन्धी शर्त अनुसार म्याद भित्र संस्थालाई बुझाउनु हुन भनी पत्राचार बारम्बार फोन तर ताकेता गर्दा कर्जा चुक्ता गर्ने म्याद समाप्त भए पश्चात हाल सम्म कर्जा चुक्ता नगरी अटेर गरी बसी संस्था सँग भएको ऋणी कर्जा सम्बन्धी शर्त बन्देजहरु उलघंन गरेको हुँदा कर्जाको सम्पुर्ण साँवा ब्याज र हर्जाना सहितको रकम संस्थाले दिएको म्याद भित्र दाखिला नगरेको हुँदा अब यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र तपाईले बुझाउनु पर्ने रकम ऋणीले संस्थामा दाखिला गर्नु होला अन्यथा तपाई ऋणीहरु तथा धन जमानी बस्ने व्यक्तीहरु माथी सहकारी ऐन २०७४को परिवेच्छेद-१४ ऋण असुली तथा बाकी वक्यौता को दफा ८० को उपदफा १ अनुसार तपाईहरुको नाममामेसी सहित कालो सुचिमा सिफारिस भई जाने भएको हुदा यो सुचना जारी गरी प्रकाशन गरीएको व्यहोरा जानकारी गराईन्छ ।

CIVIC MULTIPURPOSE CO-OPERATIVE LTD.
सिभिक बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.न.पा.२६, लैनचौर, काठमाण्डौ, फोन : ४५४४८००, ४५४४७००

# आत्मनिर्भर बनाउन जीवनोपयोगी शीप सिकाइँदै

भोजपुर । भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले महिलालाई उद्यमशीलसँगै आत्मनिर्भर बनाउन शीपमूलक कार्यक्रममा जोड दिएको छ । गृहिणी भएर घरायसी काममा मात्र समय बिताउँदै आएका महिलालाई शीप प्रदान गरेर उद्यममा जोडिन उत्प्रेरित गरेको हो ।

गाउँपालिकाले अचार बनाउने, ढाकाको कपडा बुनाइ, सिलाइकटाइ, बेमौसमी तरकारीखेतीलगायत शीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । महिलालाई आत्मनिर्भर र व्यावसायिक बनाउन 'महिला लक्षित कार्यक्रम'अन्तर्गत विभिन्न शीपमूलक शीप प्रदान गरिएको गाउँपालिकाकी उपाध्यक्ष रमादेवी राईले बताइन् । आफ्नो पहलमा महिलालाई आवश्यकताका आधारमा, ढाका बुनाइ, सिलाइकटाइ, अचार बनाउने, बेमौसमी तरकारीखेती गर्नेलगायत शीप प्रदान गरिएको उनको भनाइ छ ।

शीप सिकेर व्यवसायमा लाग्न चाहने महिलालाई गाउँपालिकाले प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको उनले बताइन् । गाउँघरमा पाउने कच्चा पदार्थको सदुपयोग गर्दै उद्यमशील बनाउन २७ महिलालाई अचार बनाउने शीप प्रदान गरिएको छ । बाहिरबाट विशेषज्ञ प्रशिक्षक ल्याएर गाउँपालिकाका नौ ओटै वडाका महिलालाई अचार बनाउने शीप दिइएको छ ।

आफ्नै ठाउँमा दक्ष प्रशिक्षकबाट शीप सिक्न पाउँदा खुशी लागेको टेम्केमैयुङ-४ नागीकी सम्झना राईले बताइन् । सात दिनसम्म सहभागी भएर लिएको शीपले व्यावसायिक रूपमा अचार बनाएर आत्मनिर्भर बन्न सहयोग पुगेको उनको भनाइ छ । शीप लिएसँगै आफूले भावी दिनमा समूह निर्माण गरेर व्यावसायिक अचार उद्योग सञ्चालन गर्ने सोच बनाएको राईले बताइन् ।



'आफ्नै ठाउँमा शीप लिन पाउँदा खुशी लागेको छ,' उनले भनिन्, 'शीप नहुँदा घरायसी काममा समय बितिरहेको थियो । शीप भएपछि आफ्नै ठाउँमा पाउने विभिन्न कच्चा पदार्थबाट अचार बनाएर राम्रो आम्दानी लिन सकिने रहेछ । सिकेको शीपलाई व्यवहारमा ल्याएर काम गर्ने मेरो लक्ष्य छ ।'

सातदिने अचार बनाउने शीप लिएपछि व्यावसायिक बन्न साहस बढेको स्थानीयवासी क्षमादेवी राईले बताइन् । शीप लिएपछि गाउँघरमा सहजै पाउने कच्चापदार्थबाट कसरी आयआर्जन गर्न सकिने रहेछ भन्ने ज्ञान पाएको उनको भनाइ छ ।

शीप लिन इच्छुक महिलालाई गाउँघरमा पाउने कच्चापदार्थ अमला, अकबरे खुर्सानी, तामा, लप्सीलगायत ११ प्रकारका अचार बनाउने शीप प्रदान गरिएको प्रशिक्षक शकुन्तला प्याकुरेलले बताइन् । तालीमका सहभागी महिलाले गाउँघरमै पाउने कच्चा पदार्थबाट व्यावसायिक रूपमा अचार उद्योग सञ्चालन गरेर आत्मनिर्भर बन्न सक्ने उनको भनाइ छ ।

झापामा अचारको उद्योग सञ्चालन गरिरहेकाले यहाँ उद्योग सञ्चालन भएको खण्डमा त्यसको बजारीकरणमा आफूले सहयोग गर्ने उनले बताइन् । अचार भण्डारण तथा प्याकेजिङ, ब्राण्डिङ गर्न सकेमा देश तथा विदेशसम्म निर्यात गर्न सकिने प्याकुरेलको भनाइ छ । *रासस*

# चितवनका अटो प्राविधिकलाई ईभी मर्मत तालीम

चितवन (अस)। चितवन अटोमेकानिकल व्यवसायी संघ, सिजी मोटर्स र युरो मोटर्सको आयोजनामा भरतपुरमा विद्युतीय सवारीसाधन (ईभी) मर्मत सम्भारसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम गरिएको छ। विद्युतीय सवारीसाधनको बढ्दो माग र दक्ष प्राविधिक परिपूर्ति गर्ने उद्देश्यसहित चितवनका अटो प्राविधिकलाई एकदिने अभिमुखीकरण तालीम दिइएको हो।

तालीमको अवसरमा युरो मोटर्सका प्रबन्ध निर्देशक सन्तोष भट्टराईले यसअघि इञ्जिन गाडी मर्मत गर्दै आएका प्राविधिकलाई विद्युतीय गाडीको मर्मत सम्भार तथा प्राविधिक ज्ञान दिने उद्देश्यसहित तालीम गरिएको बताए। 'पछिल्लो समय ईभीको बिक्री अत्यधिक छ, तर हामीसँग ईभीका प्राविधिक कम छन्। बजारमा ईभीको मागलाई पनि केही टेवा पुगोस् भन्ने हाम्रो उद्देश्य हो,' प्रबन्ध निर्देशक भट्टराईले भने।

तालीममा सिजी मोटर्सका प्राविधिक प्रशिक्षक अशोक पंगेनीले प्रशिक्षण दिएका थिए। ईभी र पेट्रोलियम गाडीको फरक, ईभीको सेन्सर, फङ्सन, एसी, ब्याट्री, टायर लगायतका विषयमा आधारभूत तालीम दिएको पंगेनीले बताए। चितवनका करीब ५० जना अटोमोबाइल प्राविधिकले तालीममा भाग लिएका थिए। कार्यक्रममा संघका अध्यक्ष रामबहादुर तिमिल्सिना, संस्थापक अध्यक्ष जगतबहादुर श्रेष्ठ, चितवन चेम्बर अफ कमर्सका अध्यक्ष एवं सफल मोटर्सका प्रबन्ध निर्देशक गोपाल भट्टराई लगायतको सहभागिता थियो।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

## नेपाल बैंक लिमिटेडको सुरक्षणमा रहेको घरजग्गा लिलामीको ३५ दिने सूचना

**(प्रकाशित मिति २०८१/११/२६)**

यस बैंकका तपसिलका ऋणीहरुले निम्न शाखाबाट लिएको कर्जा अन्तर्गतको साँवा व्याज नियमित रुपमा नतिरेको हुँदा उक्त कर्जा असुलीका लागि पटक-पटक तर-ताकेता गर्दा पनि कर्जा चुक्ता नगरेकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन (अर्थात मिति २०८१/१२/३१ गते) भित्रमा तपसिलमा उल्लेखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सम्बन्धित शाखामा सम्पर्क राखी कर्जा चुक्ता गर्न/गराउनुहुन यो अन्तिम मौका दिइएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा तपसिलमा उल्लेखित ऋणी/संचालक/साझेदार तथा अन्य सम्बन्धित पक्षलाई कालोसूचीमा नाम समावेश गर्नको लागि दिइने ३५ दिने सूचनाको म्याद समेत आजकै मितिबाट प्रारम्भ हुनेछ। साथै कर्जा सुरक्षणार्थ लेखिदिएको तपसिलमा उल्लेखित घर-जग्गा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक आफैंले लिलाम बिक्री गर्ने भएकोले उक्त लिलाममा डाँक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३६औं दिन (अर्थात मिति २०८२/०१/०१ गते) उक्त दिन विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिनको बिहान ११:०० बजे यस बैंकको तपसिलमा उल्लेखित शाखामा उपस्थित भई आफुले सकार गर्न चाहेको मूल्यमा बोल-कबोल गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिले कबोल गरेको रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरुप तत्कालै सोहीदिन बैंकमा जम्मा गर्नुपर्नेछ। बोलकबोल स्वीकृत रकममै बैंकले धितो सुरक्षण दिने निर्णय गरेमा त्यसको सूचना दिएको ३५ दिन भित्र कबोल गरेको रकमको बाँकी सम्पूर्ण रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापतको रकम जफत हुनेछ। कबोल मूल्यमा लिलाम बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। उल्लेखित सुरक्षण घर-जग्गाको बारेमा थप जानकारी चाहिएमा कार्यालय समयभित्र सम्बन्धित शाखामा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। साथै, कर्जा सुरक्षणार्थ रहेको उल्लेखित घर-जग्गाबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कर्जा सम्झौता र प्रचलित नियम कानुन बमोजिम ऋणी, सञ्चालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा/श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरीने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरीन्छ।

### तपसिल

**कान्तिपथ शाखा**

| १ | ऋणी कम्पनी | शेयरधनी/धनजमानी | | धनजमानी |
|---|---|---|---|---|
| चालु पुँजी कर्जा, स्थायी चालु पुँजी कर्जा, प्रतीतपत्र, ट्रष्ट रिसिट कर्जा, फर्म टर्मिनेटिङ्ग कर्जा | **नेपाल जनरल मार्केटिङ्ग प्रा. लि**<br>ठेगाना : का.म.न.पा-३०, कान्तिपथ<br>दर्ता नं.: ८११०५/०६७/०६८, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०६७/११/१७<br>पान नं. : ६००२३०५८२, ठमेल<br>मिति : २०६८/०३/१० | **अभिक ज्योती**<br>ठेगाना : का.म.न.पा.वडा नं. १<br>बाबु : रुप ज्योती<br>बाजे : मणिहर्ष ज्योति<br>ना.प्र.नं.:८५२५, काठमाण्डौं<br>मिति : २०५३/११/२२ | **सुरुची ज्योती**<br>ठेगाना : का.म.न.पा.वडा नं. १<br>बाबु : रुप ज्योती<br>बाजे : मणिहर्ष ज्योति<br>ना.प्र.नं.: १५७३१, काठमाण्डौं<br>मिति : २०५३/०२/२३ | **रुप ज्योती**<br>ठेगाना : का.म.न.पा.वडा नं. १<br>बाबु : मणिहर्ष ज्योति<br>बाजे : भाजुरत्न कंसाकार<br>ना.प्र.नं.: २०२००-५५३५९, काठमाण्डौं<br>मिति : २०२८/०८/२४<br>प्रतिलिपि : २०७२/०६/२० |
| | **ऋणी कम्पनी** | **शेयरधनी** | | |
| | **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पिटल प्रा.लि**<br>ठेगाना : का.म.न.पा-३०, कान्तिपथ<br>दर्ता नं.: ११२६४९/०६९/०७०, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०७०/०२/०२<br>पान नं. : ६०१०९५५७९, काठमाण्डौं<br>मिति : २०७०/०२/०५ | **नेपाल जनरल मार्केटिङ्ग प्रा. लि**<br>ठेगाना : का.म.न.पा-३०, कान्तिपथ<br>दर्ता नं.: ८११०५/०६७/०६८, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०६७/११/१७<br>पान नं. : ६००२३०५८२, ठमेल<br>दर्ता मिति : २०६८/०३/१० | **जय स्पिनिङ्ग मिल्स**<br>ठेगाना : का.म.न.पा-३०, कान्तिपथ<br>दर्ता नं.: ५४४२५/०६४/०६५, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०६५/०३/२५<br>पान नं. : ३०३०२४८५५, काठमाण्डौं<br>मिति : २०६८/०३/१० | **स्याकार कम्पनी प्रा.लि**<br>ठेगाना : का.म.न.पा-३०, कान्तिपथ<br>दर्ता नं.: ६८८, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०३३/०५/१३<br>पान नं. : ३०००४५६९१, काठमाण्डौं<br>मिति : २०५७/०४/१२ |
| | **सुरक्षणको विवरण** | | | |
| | भाजुरत्न कंसाकारको नाती, मणिहर्ष ज्योतिको छोरा, रुप ज्योतीको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक काठमाण्डौं–३०, स्थित कि.नं. २३०९ को क्षेत्रफल २२५१.५७ व.मी. को जग्गा/घर तथा सोले चर्चेको सम्पुर्ण लिगलगापत समेत। | | | |

**सिद्धार्थनगर शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राईटर/ऋणीको विवरण | | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|---|---|---|
| व्यवसायीक चालु पुँजी कर्जा र व्यक्तिगत आवधिक कर्जा | **ओशो आयुर्वेदिक औषधालय**<br>ठेगाना : सिद्धार्थनगर न.पा.–८, रुपन्देही।<br>दर्ता नं.:३७२०५२२२२१८१४/sf१८५५९ औषधि व्यवस्था विभाग, काठमाण्डौं।<br>मिति : २०६७/०१/१६<br>पान नं. : ३०२४६२९६६, भैरहवा।<br>मिति : २०५३/०७/१८ | **अशोक कुमार कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>बाबु : शिव प्रसाद कलवार<br>बाजे : भगवती कवलार<br>ना.प्र.नं.:७६२२१, रुपन्देही<br>मिति : २०४२/०९/२४ | **नेत्र कला कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>पति : अशोक कुमार कलवार<br>ससुरा : शिव प्रसाद कलवार<br>ना.प्र.नं.: १२०७, रुपन्देही<br>मिति : २०५३/११/२८ | **पुजा कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>पति : रजनीश कलवार<br>ससुरा : अशोक कुमार कलवार<br>ना.प्र.नं.:३७-०१-७२-०३२४०, रुपन्देही<br>मिति : २०७२/०४/१४ |
| | **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | | | |
| | **सुनील कुमार कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>बाबु : अशोक कुमार कलवार<br>बाजे : शिव प्रसाद कलवार<br>ना.प्र.नं.: ११८९३, रुपन्देही<br>मिति : २०५५/१०/२५ | **शैला कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>पति : सुनील कुमार कलवार<br>ससुरा : अशोक कुमार कलवार<br>ना.प्र.नं.: ३७१०२३/७५९४, रुपन्देही<br>मिति :२०६५/०८/१९ | **रजनीश कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>बाबु : अशोक कुमार कलवार<br>बाजे : शिव प्रसाद कलवार<br>ना.प्र.नं.: ३७१०२३/३९१४३, रुपन्देही<br>मिति : २०६६/४/९ | **रीना कलवार**<br>ठेगाना : सिद्धार्थनगर न.पा.१, रुपन्देही<br>बुबा : अशोक कुमार कलवार<br>बाजे : शिव प्रसाद कलवार<br>ना.प्र.नं.: २८४८३, रुपन्देही<br>मिति : २०६१/१२/३० |
| | **सुरक्षणको विवरण** | | | |
| | भगवती कलवारको नाति, शिव प्रसाद कलवारको छोरा अशोक कुमार कलवारको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, साबिक भैरहवा–१च, स्थित कि.नं. १३९९ र १४०० को क्षेत्रफल क्रमशः ०-१-० र ०-०-४$^{1/4}$ विगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | | | |

**माईस्थान शाखा**

| १. | ऋणी को विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | | सुरक्षणको विवरण |
|---|---|---|---|---|
| व्यक्तिगत आवधिक कर्जा | **सन्तोष प्रसाद यादव**<br>ठेगाना : बिन्दवासिनी–१, पर्सा<br>बाबु : अमिरका राउत अहिर<br>बाजे : जनै राउत अहिर<br>ना.प्र.नं.: ०८७२२७८०, पर्सा<br>मिति :२०६२/०५/१४ | **शिव प्रसाद यादव**<br>ठेगाना : बीरगंज–१९, पर्सा<br>बाबु : सन्तोष प्रसाद यादव<br>बाजे : अमिरका राउत अहिर<br>ना.प्र.नं.: ३४–०१–८०–०१४७१, पर्सा<br>मिति :२०८०/०२/०७ | **गायत्री देवी**<br>ठेगाना : बीरगंज–१९, पर्सा<br>पति : सन्तोष प्रसाद यादव<br>ससुरा : अमिरका राउत अहिर<br>ना.प्र.नं.: ३४-०१-७६-०८११९, पर्सा<br>मिति :२०७६/०७/२० | जनै राउत अहिरको नाती अमिरका राउत अहिरको छोरा सन्तोष प्रसाद यादवको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, बर्वागोग–४, स्थित कि.नं. ८५६ को क्षेत्रफल ०–४–१०–० विगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत मिति। |

**ताप्लेजुङ शाखा**

| १. | ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण | सुरक्षणको विवरण |
|---|---|---|---|
| व्यक्तिगत अधिविकर्ष कर्जा | **राज कुमार सुब्बा (लिम्बु)**<br>ठेगाना : साबिक लिङतेप ०२, ताप्लेजुङ<br>बाबु : रुपाहाङ लिम्बु<br>बाजे : धन बहादुर लिम्बु<br>ना.प्र.नं.:४०८०४/२८४, ताप्लेजुङ<br>मिति : २०५६/०५/०३ | **मंजिता लिम्बु**<br>ठेगाना : साबिक लिङतेप ०२, ताप्लेजुङ<br>पति : राज कुमार सुब्बा (लिम्बु)<br>ससुरा : रुपाहाङ लिम्बु<br>ना.प्र.नं.: ५०२८१/४३६, ताप्लेजुङ<br>मिति : २०५९/०५/०६ | धन बहादुर लिम्बुको नाति, रुपाहाङ लिम्बुको छोरा राज कुमार सुब्बा (लिम्बु) को नाममा मालपोत कार्यालय ताप्लेजुङमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, साबिक फुङलिङ–३, स्थित कि.नं. ३०८२ र ४३०६ को क्षेत्रफल क्रमशः ०–४–०–० र ०–५–२–३ रोपनीको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**अत्तरिया शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राईटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|---|---|---|
| चालु पुँजी कर्जा | **यश यम सप्लायर्स (प्रो. मन्जु जैगडी)**<br>ठेगाना : गोदावरी नगरपालिका–२, कैलाली<br>दर्ता नं.: २९६०६/०७७/७८, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी<br>मिति : २०७७/०८/११<br>पान नं. : ६०५७०१५३१, धनगढी<br>मिति : २०७३/१०/२० | **मन्जु जैगडी**<br>ठेगाना : गोदावरी नगरपालिका–२, कैलाली<br>पति : भोज बहादुर जैगडी<br>ससुरा : मोहन बहादुर जैगडी<br>ना.प्र.नं.: ६७३०१३/६३९, कैलाली<br>मिति : २०६३/११/०७ | **भोज बहादुर जैगडी**<br>ठेगाना : गोदावरी नगरपालिका–३, कैलाली<br>बाबु : मोहन बहादुर जैगडी<br>बाजे : दल बहादुर जैगडी<br>ना.प्र.नं.: ४७२१८, कैलाली<br>मिति : २०५८/११/०९ | **सपना जैगडी**<br>ठेगाना : गोदावरी नगरपालिका–३, कैलाली<br>बाबु : भोज बहादुर जैगडी<br>बाजे : मोहन बहादुर जैगडी<br>ना.प्र.नं.: ६७-०१-७३-०५९०२, कैलाली<br>मिति : २०७३।०५।२० |
| | **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | | **सुरक्षणको विवरण** | |
| | **तेजल जैगडी**<br>ठेगाना : गोदावरी नगरपालिका–१०, कैलाली<br>बाबु : भोज बहादुर जैगडी<br>बाजे : मोहन बहादुर जैगडी<br>ना.प्र.नं.: ६७-०१-७६-०१३७८, कैलाली<br>मिति : २०७६/०२/०१ | **यश कुमार के.सी**<br>ठेगाना : गोदावरी नगरपालिका–१०, कैलाली<br>बाबु : भोज बहादुर जैगडी<br>बाजे : मोहन बहादुर जैगडी<br>नाप्र.नं.: ६७-०१-७७-०१२७४, कैलाली<br>मिति : २०७७/०६/०६<br>प्रतिलिपि : २०७९/०६/०७ | मोहन सिं जैगडीको बुहारी, भोज बहादुर जैगडीको पत्नी मन्जु जैगडीको नाममा दर्ता श्रेस्ता कायम रहेको कैलाली, जिल्ला साविक मालाखेती–७, स्थित कि.नं. १८३ को क्षेत्रफल २०३.१६ ब.मी. को जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**सूर्यविनायक शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | | सञ्चालकहरुको विवरण | |
|---|---|---|---|---|
| ग्यारेन्टी ओभरड्राफ्ट कर्जा | **मारुती हार्डवेयर एण्ड सप्लायर्स कम्पनी प्रा.लि**<br>ठेगाना : सृजनानगर–५, सूर्यविनायक न.पा भक्तपुर<br>दर्ता नं.: ३०७२२६/०७९/०८०, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०७९/११/०२<br>पान नं. : ६१०४४७४६६, भक्तपुर<br>मिति : २०७९/१२/१२ | | **बिकास सापकोटा**<br>ठेगाना : साबिक महादेवस्थान–७,काभ्रे<br>बाबु : गोपीप्रसाद सापकोटा<br>बाजे : कृष्ण प्रसाद सापकोटा<br>ना.प्र.नं.: १२९१९७, काभ्रेपलाञ्चोक<br>मिति :२०६१/०३/२४ | **रजिता उपाध्याय**<br>ठेगाना : साबिक का.म.न.पा.–१०, काठमाण्डौं<br>पति : राजेश उपाध्याय<br>ससुरा : हरि नारायण उपाध्याय<br>ना.प्र.नं.: ४७२५/८३८०, काठमाण्डौं<br>मिति : २०५०/०२/०६<br>प्रथम प्रतिलिपि : २०६३/११/१० |
| | **व्यक्तिगत धनजमानीहरुकर्ताहरुको विवरण** | | | **सुरक्षणको विवरण** |
| | **बिक्की के.सी.**<br>ठेगाना : साबिक का.म.न.पा.१६, काठमाण्डौं<br>पति : बिकास सापकोटा<br>ससुरा : गोपीप्रसाद सापकोटा<br>ना.प्र.नं.: ५६०५, काठमाण्डौं<br>मिति : २०६१/०८/०९ | **राजेश उपाध्याय**<br>ठेगाना : साबिक काठमाण्डौ १०, काठमाण्डौं<br>बाबु : हरी नारायण उपाध्याय<br>बाजे : कुलानन्द उपाध्याय<br>ना.प्र.नं.:३४२२, काठमाण्डौं<br>मिति : २०३८/०७/२५<br>प्रथम प्रतिलिपि : २०४१/०८/०५ | **आशय उपाध्याय**<br>ठेगाना : साबिक का.म.न.पा. ३४, काठमाण्डौं<br>बाबु : राजेश उपाध्याय<br>बाजे : हरी नारायण उपाध्याय<br>ना.प्र.नं.: २७/१०६०/९३६१५, काठमाण्डौं<br>मिति : २०६९/०१/०८ | हरि नारायण उपाध्यायको बुहारी राजेश उपाध्यायको पत्नी रजिता उपाध्यायको नाममा मालपोत कार्यालय सिमरा, बारामा दर्ता कायम रहेको बारा जिल्ला साविक पिप्रासिमरा गा.वि.स वडा नं ४ क स्थित कि.न ५५२२ र ५५२१ क्षेत्रफल क्रमश १–१३–१० र ०–०–१० विगाहाको जग्गा र सोले चर्चेको लिगलगापात समेत। |

**ठैब शाखा**

| १. | ऋणीहरुको विवरण | | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|---|---|---|
| व्यक्तिगत आवधिक कर्जा | **दिलिपमान श्रेष्ठ**<br>ठेगाना : ललितपुर महानगरपालिका–१३, ललितपुर<br>बाबु : दिर्घमान श्रेष्ठ<br>बाजे : इन्द्रमान श्रेष्ठ,<br>ना.प्र.नं. : ६८१, ललितपुर<br>मिति : २०६१/०४/११ | **मंगला देवि श्रेष्ठ**<br>ठेगाना : ललितपुर महानगरपालिका–१३, ललितपुर<br>पति : दिर्घमान श्रेष्ठ<br>ससुरा : इन्द्रमान श्रेष्ठ<br>ना.प्र.नं. : ३७३३८, ललितपुर<br>मिति : २०४५/०८/१७ | **मिरा लक्ष्मी श्रेष्ठ**<br>ठेगाना : ललितपुर महानगरपालिका–१३, ललितपुर<br>पति : दिलिपमान श्रेष्ठ<br>ससुरा : दिर्घमान श्रेष्ठ<br>ना.प्र.नं. : ६४०००, ललितपुर<br>मिति : २०५०/०८/०३<br>प्रतिलिपि : २०७८/०६/१० | **दिनेश मान श्रेष्ठ**<br>ठेगाना : ललितपुर महानगरपालिका–१३, ललितपुर<br>बाबु : दिर्घमान श्रेष्ठ<br>बाजे : इन्द्रमान श्रेष्ठ<br>ना.प्र.नं. : ४९९३८, ललितपुर<br>मिति : २०४७/०८/१७ |
| | **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | | **सुरक्षणको विवरण** | |
| | **राजिव मान श्रेष्ठ**<br>ठेगाना : ललितपुर महानगरपालिका–१९, ललितपुर<br>बाबु : दिर्घमान श्रेष्ठ<br>बाजे : इन्द्रमान श्रेष्ठ<br>ना.प्र.नं. : ९४४९९, ललितपुर<br>मिति : २०५५/०३/३१ | **वर्षा देवी श्रेष्ठ**<br>ठेगाना : ललितपुर महानगरपालिका– १३, ललितपुर<br>पति : दिर्घमान श्रेष्ठ<br>ससुरा : इन्द्रमान श्रेष्ठ<br>ना.प्र.नं. : ३७३३७, ललितपुर<br>मिति : २०४५/०८/१७ | इन्द्रमान श्रेष्ठको बुहारी दिर्घमान श्रेष्ठको पत्नी मंगलादेवी श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, साविक ललितपुर उ.प.म.न.पा.–१२क स्थित कि.नं. २७३ को क्षत्रफल ०-६-१-२ रोपनिको जग्गा/घर तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत र ललितपुर जिल्ला, साविक ललितपुर उ.प.म.न.पा.–१३ क स्थित कि.नं. १२९ को क्षत्रफल ०-०-२-० रोपनीको जग्गा/घर तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत। | |

**भद्रपुर शाखा**

| १. | ऋणी कम्पनीको विवरण | सञ्चालकहरुको विवरण | | सुरक्षणको विवरण |
|---|---|---|---|---|
| रिभल्भिङ्ग चालु पुँजी कर्जा/ आवधिक कर्जा/प्रतीत पत्र/ट्रष्ट रिसिट कर्जा AOC कर्जा | **श्यामिला आइरन एण्ड स्टील इण्डष्ट्रीज प्रा.लि.**<br>ठेगाना : भद्रपुर ७, झापा<br>दर्ता नं.: २०९०७७/०७५/०७६, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर<br>मिति : २०७५/११/०८<br>पान नं. : ६०६६८८०९९, भद्रपुर<br>मिति : २०७५/११/१७ | **भुपेन्द्र कुमार सिंह**<br>ठेगाना : साबिक महेशपुर-७, झापा<br>बाबु : श्यामनन्द सिंह राजवंशी<br>बाजे : सुन्दर लाल सिंह<br>ना.प्र.नं.: ०४५७८११४६७, झापा<br>मिति : २०५२/०८/१४ | **निलम सिंह**<br>ठेगाना : साबिक महेशपुर-७ झापा<br>पति : भुपेन्द्र कुमार सिंह<br>ससुरा : श्याम नन्द सिंह राजवंशी<br>ना.प्र.नं.: १८७१, झापा<br>मिति : २०६२/१०/१७ | १) सुन्दर लाल सिंहको नाति श्यामानन्द सिंह राजवंशीको छोरा भुपेन्द्र कुमार सिंहको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, साबिक महेशपुर ७ स्थित कि.नं. ६४ को क्षेत्रफल ३-१९-५ विगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| | २) वाणिज्य तथा आपुर्ति विभागमा दर्ता नं.२०९०७७/०७५/०७६ मिति २०७५/११/०८ मा दर्ता भई आन्तरिक राजश्व विभाग झापाबाट मिति २०७५/११/१७ पान नं. ६०६६८८०९९ लिएको भद्रपुर-७ स्थित श्री श्यामिला आइरन इण्डष्ट्रीज प्रा.लि. को नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला साबिक महेशपुर ७ स्थित कि.नं. ४८ को क्षेत्रफल १-३-१०-० विगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | | | |

**गुलरिया शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | | प्रोप्राईटर/धनजमानीकर्ताहरुको विवरण | |
|---|---|---|---|---|
| चालु पुँजी कर्जा, महिला उद्यमशिल चालु पुँजी कर्जा | **स्याडो जोयन कम्प्युटर**<br>ठेगाना : गुलरिया नगरपालिका ६, वर्दिया<br>दर्ता नं.: २५७५।१४।०६६।०६७, घरेलु तथा साना उद्योग कार्यालय, वर्दिया<br>मिति : २०६६।०४।२३<br>पान नं. : ३०३६७४३३७, नेपालगञ्ज<br>मिति : २०६६।०४।२५ | **आर्नभ प्रिन्टिङ्ग**<br>ठेगाना : गुलरिया नगरपालिका ५, वर्दिया<br>दर्ता नं.: ०९२५–१२–२०७८।७९, घरेलु तथा साना उद्योग कार्यालय, वर्दिया<br>मिति : २०७८।०५।१५<br>पान नं. : ११२६०१७५९, गुलरिया<br>मिति : २०७८।०५।१५ | **टेक लाल चौधरी**<br>ठेगाना : पशपनिगर–४, वर्दिया<br>बाबु : राम लौटन थारु<br>बाजे : रघुवर<br>ना.प्र.नं.: ८३१५, वर्दिया<br>मिति : २०५८।०५।२४ | **सुनिता चौधरी**<br>ठेगाना : पशपतिगर–४, वर्दिया<br>पति : टेक लाल चौधरी<br>ससुरा : राम लौटन थारु<br>ना.प्र.नं.: ३८००५, वर्दिया<br>मिति : २०६३।०५।०६ |
| | **सुरक्षणको विवरण** | | | |
| | रघुवरको नाति राम लौटन को छोरा टेकलाल चौधरी को नाममा मालपोत कार्यालय गुलरियामा दर्ता श्रेस्ता कायम रहेको वर्दिया जिल्ला, साबिक पशुपतिनगर-४, स्थित कि.नं. ५५ र ४५ , को क्षेत्रफल क्रमश १–१६–१०, ०–५–१५, विगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | | | |

**कालिमाटी शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राईटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|---|---|---|
| चालु पुँजी कर्जा | **अस्मीरा कपडा पसल**<br>ठेगाना : का.म.न.पा–१३, काठमाण्डौं<br>दर्ता नं.: १३७७८१/०७४/०७५, नेपाल सरकार वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, काठमाडौं<br>मिति : २०७४/०७/०१<br>पान नं. : ६०७०६२९१३, काठमाडौं<br>मिति : २०७४/०७/०१ | **नजीर मिया**<br>ठेगाना : लक्ष्मीपुर गा.वि.स.–७, सर्लाही<br>बाबु : ईशाक मिया<br>बाजे : खेहरु मिया<br>ना.प्र.नं.: ५४३२/१५११, सर्लाही<br>मिति : २०४२/१२/०१ | **कला मुनेसा खातुन**<br>ठेगाना : लक्ष्मीपुर गा.वि.स.–७, सर्लाही<br>पति : नजीर मिया<br>ससुरा : ईशाक मिया<br>ना.प्र.नं.: १९३०५८/५४२, सर्लाही<br>मिति : २०६३/११/१० | **हसिना खातुन**<br>ठेगाना : लक्ष्मीपुर गा.वि.स.–७, सर्लाही<br>पति : ईशाक मिया<br>ससुरा : खेहरु मिया<br>ना.प्र.नं.: ५९३२०५१५, सर्लाही<br>मिति : २०३६/०५/२७ |
| | **व्यक्तिगत धनजमानीकर्ताको विवरण** | **सुरक्षणको विवरण** | | |
| | **अफसाना खातुन**<br>ठेगाना : लक्ष्मीपुर गा.वि.स.७, सर्लाही<br>बाबु : नजीर मिया<br>बाजे : ईशाक मिया<br>ना.प्र.नं.: १९-०१-७८-००९२९, सर्लाही<br>मिति : २०७८/०४/१५ | खेहरु मसुंरको बुहारी, ईशाक मियाको पत्नी हसिना खातुनको नाममा मालपोत कार्यालय हरिवन सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, साविक लक्ष्मीपुर कोद्राहा–२ख, स्थित कि.नं. ७८७, ७८९, ८०९ र ८१० को क्षेत्रफल क्रमशः ०–०–११–०, ०–५–११–०, ०–०–७$^{1/2}$, ०–२–१९–१४ विगाहाको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | | |

**कल्याणपुर शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राईटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|---|---|---|
| हाईपोथिकेशन कर्जा | **आर.के.जनरल स्टोर्स**<br>ठेगाना : साबिक कल्याणपुर गा.वि.स.–६, सप्तरी<br>दर्ता नं.: ५३५२।०७४।७५, घरेलु तथा साना उधोग कार्यालय, सप्तरी।<br>मिति : २०७४।०५।२६<br>पान नं. : ६०५१२०७८७, लहान<br>मिति : २०७३।०६।०४ | **राम बाबु साह**<br>ठेगाना : साबिक कल्याणपुर गा.वि.स.–६, सप्तरी<br>बाबु : प्रितम साहु तेली<br>बाजे : लक्ष्मण साहु तेली<br>ना.प्र.नं.: ७०८७, सप्तरी<br>मिति : २०६२।१२।१४ | **किरण कुमारी महरान**<br>ठेगाना : साबिक कल्याणपुर गा.वि.स.–६, सप्तरी<br>पति : राम बाबु साह<br>ससुरा : प्रितम साहु तेली<br>ना.प्र.नं.: १६१०७८।१९८, सप्तरी<br>मिति : २०६६।०३।०३ | **राधा देवी साहु तेली**<br>ठेगाना : साबिक कल्याणपुर गा.वि.स.–६, सप्तरी<br>पति : प्रितम साहु तेली<br>ससुरा : लक्ष्मण साहु तेली<br>ना.प्र.नं.: १६३८२३०८१२, सप्तरी<br>मिति : २०३५।१२।११ |
| | **व्यक्तिगत धनजमानीकर्ताको विवरण** | **सुरक्षणको विवरण** | | |
| | **प्रितम साहु तेली**<br>ठेगाना : साबिक कल्याणपुर गा.वि.स.–६, सप्तरी<br>बाबु : लक्ष्मण साहु तेली<br>बाजे : अनुप साह<br>ना.प्र.नं.: १६३८२३०८११, सप्तरी<br>मिति : २०३५।१२।११ | अनुप साहको नाती, लक्ष्मण साहुको छोरा, प्रितम साहु तेलीको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, साबिक कल्याणपुर गा.वि.स.–६ग, स्थित कि.नं. १०० को क्षेत्रफल ०-०-९, विगाहाको जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | | |

**खाँदबारी शाखा**

| १. | ऋणीको विवरण | प्रोप्राईटरको विवरण | ऋणी/व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|---|---|
| हाइपोथिकेशन कर्जा/घर कर्जा | **नरेश कपडा पसल**<br>ठेगाना : साविक खाँदबारी-३, संखुवासभा<br>दर्ता नं.: ६/६/०६२/०६३ घरेलु तथा साना उद्योग विकास समिति, संखुवासभा<br>मिति : २०६३/०३/०४<br>पान नं. : ३०१३४११०९, धरान<br>मिति : २०६०/०२/१९ | **निश्चल गुरुङ्ग**<br>ठेगाना : साविक शितलपाटी-८, संखुवासभा<br>बाबु : प्रेम बहादुर गुरुङ्ग<br>बाजे : बम बहादु गुरुङ्ग<br>ना.प्र.नं. ४६७५/१९२, संखुवासभा<br>मिति : २०५७/०८/२० | **शोभा गुरुङ्ग**<br>ठेगाना : साविक शितलपाटी-८, संखुवासभा<br>पति : निश्चल गुरुङ्ग<br>ससुरा : प्रेम बहादुर गुरुङ्ग<br>ना.प्र.नं. १०१००९/७१८, संखुवासभा<br>मिति : २०७०/०३/१२ |
| | **सुरक्षण विवरण** | | |
| | क) बम बहादुर गुरुङ्गको नाति प्रेम बहादुर गुरुङ्गको छोरा निश्चल गुरुङ्गको नाममा मालपोत कार्यालय खाँदबारीमा दर्ता श्रेष्ता कायम रहेको संखुवासभा जिल्ला साबिक पाङ्मा-२ स्थित कि.नं. २८० र २०१२ को क्षेत्रफल क्रमशः ०००७५ र ००९९१ व.मी. को जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>ख) प्रेम बहादुर गुरुङ्गकी बुहारी निश्चल गुरुङ्गको श्रीमती शोभा गुरुङ्गको नाममा मालपोत कार्यालय खाँदबारीमा दर्ता श्रेष्ता कायम रहेको संखुवासभा जिल्ला साबिक पाङ्मा-२ स्थित कि.नं. ४४६ को क्षेत्रफल ००१२५ व.मी. जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | | |

बौद्धिक व्यक्तिहरूको काम सत्य कुरा बोल्नु हो र भ्रमको पर्दाफास गरिदिनु हो ।
**- नोम चम्स्की**

## सम्पादकीय

# मलको दिगो आपूर्तिमा योजना अभाव

**नेपालमा गतवर्ष विगतमा जस्तो मलको हाहाकार भएन तर आगामी वर्ष भने फेरि समस्या उस्तै दोहोरिने सम्भावना बढेको छ । चीनले गत जुनमा युरिया मल निर्यातमा कडाइ गरेपछि नेपालमा यसको आपूर्ति रोकिएको छ । यसले गर्दा वर्षे बालीका लागि युरियाको पर्याप्त आपूर्ति चुनौतीपूर्ण रहेको देखिन्छ । कृषि उपज बढाउन रासायनिक मल अनिवार्य जस्तै बनेको सन्दर्भमा मलको आपूर्तिमा समस्या भयो भने उत्पादन घट्ने मात्र होइन, कृषिमा लाग्ने जनशक्तिलाई समेत यसलाई अन्यत्र मोड्न सक्छ ।**

**नेपालमा मल कारखाना खोल्ने भनेर चर्चा गरेको दशकौं भइसक्यो । मल कारखाना खोल्ने पहल नभएको होइन तर खोलिएको मल कारखानासमेत सञ्चालन हुन सकेन । सरकारले मल कारखाना खोल्ने भनेर सरकारी कार्यक्रममा उल्लेख गरे पनि त्यसका लागि काम भने गरेन किनभने यहाँ बनाउने झन्झट लिन र खर्च गर्नुभन्दा आयात नै सरकारलाई सजिलो र सस्तो पनि लाग्यो । हुन पनि मल कारखाना सञ्चालन गर्न त्यति सहज छैन । यस्तोमा नेपालले अनुदानको मल ल्याउन सरकारी कम्पनी र निजी कम्पनीलाई ठेक्का दिने गरेको छ । ठेक्कामा ढिलाइ हुँदा मल आयात सधैं ढिलो हुने र खेतीकिसानीको समयमा सधैं मलको हाहाकार हुने गर्दथ्यो । रासायनिक मलका ठूला आपूर्तिकर्ता रूस र युक्रेन युद्धमा छन् । त्यसो हुँदा २०७८ साल फागुनमा भारतसँग सरकार-सरकार (जीटुजी) वार्ता गरेर मलको आपूर्ति व्यवस्था मिलाएको थियो । तर, त्यस प्रक्रियाबाट पनि अधिकांश मल आउन बाँकी नै छ । यस्तोमा चीनबाट मल आपूर्ति हुँदा मलको हाहाकार भएको थिएन तर यसपटक भने युरियाको हाहाकार हुने लक्षण देखिएको छ ।**

**आन्तरिक खाद्य सुरक्षामा सुधार गर्ने उद्देश्यले चीनले चालेको कदमबाट विश्वबजारमा अहिले युरिया मलको मूल्य अत्यधिक वृद्धि र आपूर्ति प्रभावित भएको छ । यसले नेपाली बजारमा समेत प्रभाव पारेको छ । एउटा मूल्य तोकेर बोलपत्र भर्ने र आपूर्ति गर्ने बेलामा उच्च मूल्य वृद्धि हुँदा घाटामा पर्न सक्ने हुँदा आपूर्तिकर्ताले मल आपूर्ति गर्न हिचकिचाउने गरेका छन् । भोलि भारतले पनि सहजै मल आपूर्ति नगर्न सक्छ किनभने विश्वभरि नै अनिश्चयको अवस्था छ । अमेरिकाले लिएको संरक्षणवादी नीतिले गर्दा विश्वभरिका मुलुकहरू कसरी यसबाट आफ्नो देशको अर्थतन्त्रलाई अप्रभावित राख्ने भन्नेमा लागेका छन् । ठूलो मुलुकहरूबीच हुने व्यापार युद्धले समस्यामा पर्ने भनेका साना अर्थतन्त्र भएका मुलुक नै हुन् । त्यसैले नेपालले त्यसअनुसार आफूलाई तयार पार्नुपर्छ ।**

> **चीनले व्यापार युद्धबाट पर्न सक्ने असरको आकलन गरेर नै मलमा कडाइ गरेको हो कि भन्ने देखिन्छ । भोलिका दिनमा अन्य देशले पनि यस्तै गर्न सक्छन् । अतः नेपालले मल आपूर्तिको दिगो विकल्प खोज्न ढिला गर्नु हुँदैन ।**

**विश्व बैंकका अनुसार सन् २०२२ मा युरियाको मूल्य औसत ७०० डलर प्रतिटन पुगेको थियो । फलस्वरूप नेपालले मल आपूर्तिका लागि धेरै गुणा बजेट खर्च गर्नुपरेको थियो भने खर्च गरेर पनि सरकारले मलको आपूर्ति सुनिश्चित गर्न सकेको थिएन । तर, अहिले नेपालले वैकल्पिक बजारका रूपमा बहराइन, ब्रुनाई, कतार, ओमान, साउदी अरब र तुर्कमेनिस्तानलगायत मुलुकबाट रासायनिक मल आयात गर्न थालेको छ । यसरी आपूर्तिका लागि विभिन्न बजारसँग सम्पर्कमा रहनु उपयुक्त नै हो । तर, अन्तरराष्ट्रिय बजारबाट मल किन्ने स्थिति अनिश्चित बनेको अवस्थामा जीटुजी विधिबाट भारतले दिने मल छिटोभन्दा छिटो ल्याउन सरकारले भरमग्दुर प्रयास गर्न जरुरी छ । तर, यी सबै भएर पनि नेपालले केही हदसम्म आफ्नै देशमा मल उत्पादनबारे लाग्नैपर्छ । विश्वमा कति बेला कस्तो परिस्थिति बन्छ भन्ने कुनै निश्चितता हुँदैन । कुनै पनि मुलुकले आफूलाई बढी भएमा मात्रै मललगायत वस्तु विक्री गर्न दिन्छन् । चीनले त्यही भएर व्यापार युद्धबाट पर्न सक्ने असरको आकलन गरेर नै मलमा यस्तो कडाइ गरेको हो कि भन्ने देखिन्छ । त्यसो हो भने भोलिका दिनमा अन्य देशले पनि यस्तै गर्न सक्छन् किनकि सबै मुलुकका लागि खाद्य सुरक्षा सर्वोच्च प्राथमिकताभित्र पर्छ । अतः नेपालले विश्व बजारमा आएका संकटका कारण बच्नका लागि मात्रै भए पनि मलको दिगो विकल्प खोज्न ढिला गर्नु हुँदैन ।**

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

### नयाँ मेडिकल कलेजलाई प्रक्रियागत रूपमै स्वीकृति दिइएको हो

मेडिकल कलेज सञ्चालनका लागि उच्चस्तरीय अनुगमन समितिले पूर्वाधारलगायत आर्थिक स्रोतको अवस्थाबारे अध्ययन गर्छ । त्यसपछि मात्र शिक्षा मन्त्रालयले पूर्वस्वीकृति दिन्छ । यसपटक पूर्वस्वीकृतिका लागि मन्त्रालयमा धेरै निवेदन परेका थिए । त्यसमध्ये १७ ओटा निवेदनलाई हामीले सम्भावित योग्य कलेजका रूपमा छनोट गरेका थियौं । झापाको बीएनसी मेडिकल कलेज तथा काठमाडौंका पिपल्स मेडिकल कलेज र जनमैत्री अस्पतालले सञ्चालन गर्ने मेडिकल कलेजलाई अहिले पूर्वस्वीकृति दिइसकिएको छ । बाँकी १४ ओटा मेडिकल कलेजलाई पूर्वस्वीकृति दिने नदिने विषयमा मन्त्रालयमा छलफल भइरहेको छ । आवश्यक पूर्वाधार नबनाई मेडिकल कलेज सञ्चालनमा आउन सक्दैन । जुन कलेजले आवश्यक पूर्वाधारको विकास गरेका हुन्छन्, तिनलाई मात्र मन्त्रालयले मेडिकल कलेज सञ्चालनको पूर्वस्वीकृति दिन्छ । पूर्वस्वीकृतिका लागि गरिएको अनुगमनमा तीनओटा कलेजले आवश्यक पूर्वाधार तयार गरेको पाइयो ।

**(शिक्षा मन्त्रालयका प्रवक्ता महाश्रम शर्मासँगको कुराकानीबाट)**
**वर्ष ८, अंक १४९, शुक्रवार, ४ फागुन, २०६९**

# अर्धवार्षिक समीक्षाले उब्जाएको प्रश्न

## विद्युतीय सवारी किन निरूत्साहित ?

मुद्राको माग र आपूर्तिमा सन्तुलन कायम गरी आन्तरिक र बाह्य क्षेत्रको स्थिरताका साथै वित्तीय स्थायित्व कायम गर्ने उद्देश्यले केन्द्रीय बैंकले घोषणा गर्ने नीतिलाई मौद्रिक नीति भनिन्छ । मौद्रिक नीतिका उद्देश्यहरूमा मुद्राको तटस्थता, विनिमय दरमा स्थिरता, वस्तु तथा सेवाको माग तथा आपूर्तिमा सन्तुलन, मूल्यमा स्थिरतासहितको आर्थिक वृद्धि आदि पर्दछन् । आव २०८१/८२ को नेपाल सरकारको संघीय बजेटले ६ प्रतिशतको आर्थिक वृद्धि प्राप्त गर्ने र मुद्रास्फीति ५ प्रतिशतभित्र रहने अनुमान गरेको छ । सोही उद्देश्यमा सघाउ पुग्ने गरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तय गर्नुका साथै हरेक त्रैमासिक रूपमा यसको समीक्षा गर्ने परिपाटी रहिआएको छ । मुलुकमा मुद्रास्फीतिको अवस्था कायम नै देखिन्छ । नागरिकले वस्तु र सेवाको मूल्य वृद्धिको सामना गर्नु परेको छ तर त्यसअनुरूप गुणस्तरीय वस्तु तथा सेवाको खरीदमा बढी मुद्रा खर्चिनुपर्ने बाध्यता एकातर्फ छ भने अर्कोतर्फ व्यावसायिक शिथिलताका कारण उपभोक्ता एवं व्यावसायिक क्षेत्रको क्रय शक्ति घटेको छ ।

विशेष गरी हाम्रो जस्तो अविकसित मुलुकमा उच्च मुद्रास्फीतिको बेलामा न्यून आय भएका सर्वसाधारणलाई बढी नकारात्मक प्रभाव पर्न जान्छ । वित्तीय अस्थिरता र विनिमय दरमा समेत उतारचढाव भइरहँदा नेपालले मुद्राको विनिमय दरमा अवमूल्यनको सामना दिनहुँ गर्नु परेको अवस्थाले मुद्राको क्रयशक्ति घट्न जाँदा गरीब नेपालीको चूल्हो बल्नसमेत धौधौ परेको छ । अर्थतन्त्रमा वित्तीय मध्यस्थताको कार्य गर्ने संस्थाहरू (बैंकहरू, वित्तीय संस्थाहरू र गैरबैंक वित्तीय संस्थाहरू) कुनै पनि आर्थिक संकटको धक्काबाट सुरक्षित रही निरन्तर रूपमा वित्तीय मध्यस्थताको कार्य गर्न सक्षम हुनुलाई वित्तीय स्थायित्व भनिन्छ जुन नेपालमा विश्व आर्थिक संकटलगायतले खलबलिएको छ ।

तसर्थ उपर्युक्त समस्यालगायत कर्जा नउठ्ने जोखिम, एकैपटक वा एकै दिन धेरै निक्षेप बाहिरिने जोखिम, ब्याजदरमा उतारचढाव र विदेशी विनिमयदरमा उतारचढाव लगायतबाट आइपर्ने जोखिमको सामना गर्ने गरी मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा होस् भन्ने सर्वसाधारण उपभोक्ता एवं व्यावसायिक क्षेत्रको माग थियो ।

नेपाल राष्ट्र बैंकले अधिकांश नीतिहरूलाई निरन्तरता दिनुको साथै विगतमै अवलम्बन गरेको लचिलो नीतिलाई यथावत् राख्दै चालू आव २०८१/८२ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ । गभर्नरको कार्यकालको अन्तिम समयमा गरिने समीक्षाबाट व्यावसायिक र बैंकिङ क्षेत्रले धेरै राहत एवं अर्थतन्त्र र व्यावसायिक क्षेत्र थप चलायमान हुने खालको मौद्रिक नीति र यसका औजारहरूमा हेरफेर हुने अपेक्षा गरेअनुरूप भएन । बैंकिङ क्षेत्रको माग पूरा गर्दै असल कर्जाको प्रोभिजन घटेको र लघुवित्तमा गरिएको आधारदरको नीतिगत परिवर्तनले समग्र बैंकिङ क्षेत्रलाई भने राहत मिलेको छ ।

अन्तरराष्ट्रिय रूपमा खुकुलो मौद्रिक नीति अवलम्बन भइरहेको सन्दर्भमा नेपालमा पनि मौद्रिक नीतिलाई थप खुकुलो बनाउनेतर्फ समीक्षा केन्द्रित देखिए तापनि निजीक्षेत्रको लगानी अभिवृद्धि र उत्पादनमूलक उद्योग, निर्माण क्षेत्र एवं समग्र व्यावसायिक क्षेत्रलाई कसरी चलायमान बनाउने भन्ने कुरामा यथेष्ट जोड नदिँदा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाप्रति प्रश्न उब्जिएको छ । असल कर्जाको प्रोभिजन घटाउँदा लगानीयोग्य पूँजीको निर्माण त होला तर ऋणीको व्यययोग्य आय बढ्छ कि बढ्दैन ? भन्नेतर्फ मौद्रिक नीतिको समीक्षा अपुरो देखिन्छ ।

व्यावसायिक शिथिलता हटाउन र बजार चलायमान हुन जरुरी छ जसको लागि उद्योगधन्दाको गतिशीलता, कृषि र



> **अन्तरराष्ट्रिय रूपमा खुकुलो मौद्रिक नीति अवलम्बन भइरहेको सन्दर्भमा नेपालमा पनि मौद्रिक नीतिलाई थप खुकुलो बनाउनेतर्फ समीक्षा केन्द्रित देखिए तापनि निजीक्षेत्रको लगानी अभिवृद्धि र उत्पादनमूलक उद्योग, निर्माण क्षेत्र एवं समग्र व्यावसायिक क्षेत्रलाई चलायमान बनाउने कुरमा यथेष्ट जोड दिइएन ।**

**डा. दिवाकर वशिष्ठ**

औद्योगिक क्षेत्रको विकास र रोजगारी सृजना गर्नेतर्फ मौद्रिक नीतिको समीक्षा अपुरो देखिन्छ । प्रोभिजन घटाउँदा तत्काललाई बैंकहरूको नाफा वृद्धिमा टेवा त पुग्ला तर दीर्घकालमा लगानी भएको कर्जा ऋणीले फिर्ता गर्न सकेनन् भने प्रोभिजनमा हाल दिइएको लचकताले निरन्तरता पाउन कठिन छ ।

कर्जा दिने क्षमतामा सुधार त भयो तर व्यावसायिक क्षेत्रबाट कर्जाको माग गर्ने क्षमता विस्तार भयो कि भएन भन्नेतर्फ मौद्रिक नीतिको समीक्षा केन्द्रित हुनुपर्ने थियो । विद्युतीय सवारीलाई प्रोत्साहन दिने नेपाल सरकारको लक्ष्यविपरीत सबै प्रकारका विद्युतीय सवारीसाधन खरीदका लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिँदा कुल बजार मूल्यको ८० प्रतिशत कर्जा ऋण पाइने पूर्ववत् व्यवस्थालाई परिवर्तन गर्दै अबदेखि ६० प्रतिशत मात्र ऋण पाइने व्यवस्थाले बिजुली गाडीलाई निरुत्साहित गरी पेट्रोल, डिजेल इन्जिनका गाडीलाई प्रोत्साहन गर्न खोजिएको देखिन्छ । यो नीतिले कतै प्रदूषणरहित विद्युतीय सवारीसाधनलाई निरुत्साहित गर्न खोजेको त होइन ? भन्नेतर्फ चर्चा शुरू भएको छ भने अटो व्यवसायीले समेत निराशा व्यक्त गरेका छन् ।

मौद्रिक नीतिको समीक्षाले लघुवित्त वित्तीय संस्थाहरूको कर्जाको ब्याजदर २०८२ असारदेखि आधार दरसँग आबद्ध गरी तय गर्नुपर्ने व्यवस्था गरेको छ । हाल लघु वित्तहरूले बढीमा १५ प्रतिशत ब्याज र १ दशमलव ५० प्रतिशत सेवा शुल्क लिन पाउने व्यवस्था छ । यो व्यवस्थाअनुसार अब लघुवित्तले ब्याजदर घटाउनुपर्ने अवस्था छ भने वाणिज्य बैंकहरूबाट कर्जा लिंदाको ब्याज लागत भविष्यमा बढ्न सक्ने हुँदा दीर्घकालमा कमजोर लघुवित्त बजारमा टिक्न सक्लान् त भन्ने प्रश्नसमेत उब्जिएको छ । तथापि दीर्घकालमा फाइदा हुने कुरा यससँग सम्बद्ध विज्ञहरूले राय व्यक्त गरेका छन् । नेपाल राष्ट्र बैंकले असल कर्जामा १ दशमलव १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था रहेकोमा त्यसलाई घटाएर १ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको छ जसबाट बैंकिङ क्षेत्रलाई करीब ४ अर्ब ५१ करोडभन्दा बढी नाफा हुने देखिन्छ । भाखा नाघेको ३ महीनासम्मको कर्जालाई असलमा वर्गीकरण गरिने व्यवस्था रहेको छ । यस व्यवस्थाबाट ४० अर्ब कर्जा लगानी क्षमता विस्तार हुने हुँदा देशको अर्थतन्त्रमा यसले सकारात्मक प्रभाव पार्ने देखिन्छ । अहिले बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको ऋणको आकार ४८ अर्ब ३० करोड हाराहारी छ भने ४६ खर्ब रुपैयाँ असल कर्जा रहेको छ । उक्त कर्जाका लागि यसअघि करीब ५० अर्ब ६० करोड हाराहारीमा प्रोभिजनिङ गर्नुपर्ने अवस्था थियो । ि

वदेशी विनिमय कारोबारमा सुधार ल्याउने उद्देश्यले बैंक तथा वित्तीय संस्थाले विदेशी मुद्रा (ननडेलिभरेबल फरवार्ड) प्राथमिक पूँजीको सिमा १५ प्रतिशतबाट बढाएर २० प्रतिशत पुऱ्याइएको छ । यस निर्णयले विदेशी विनिमय कारोबारलाई सहज तुल्याउने देखिन्छ । अर्कोतर्फ यसबाट विदेशी मुद्रा डेरिभेटिभमार्फत उपयोग गर्न सहज हुने भए तापनि सञ्चित विदेशी मुद्राको उपयोग गर्ने दीर्घकालीन रणनीतिको अभावले हालको सञ्चित विदेशी मुद्राको उपयोग होला र ? भन्ने प्रश्न भने उब्जिएको छ । धितोपत्र बजारका शेयर लगानीकर्ताको लागि भने अर्धवार्षिक समीक्षाले पुरानै नीतिलाई यथावत् राख्दा लगानीकर्ताले कुनै आकर्षक उपहार पाउन सकेनन् । हाल ५० लाख माथिको शेयर कर्जाको जोखिमभार १२५ प्रतिशत छ भने त्यसभन्दा साना कर्जाको १०० प्रतिशत मात्र रहेको छ । व्यक्तिगत कर्जामा लगाइएको क्याप १५ करोड छ । हाल शेयर कर्जा १ खर्ब १३ अर्ब ७७ करोड पुगेको देखिन्छ । निरन्तर शेयर कर्जा बढेकाले थप लचिलो नीति नलिएको जानकारहरूले बताउने गरेका छन् । जोखिम भार घटाउने र क्याप हटाउनेलगायत माग मौद्रिक नीतिले बेवास्ता गर्दा लगानीकर्ता निराश देखिएका छन् ।

- **व्यावसायिक र बैंकिङ क्षेत्रले धेरै राहत एवं अर्थतन्त्र र व्यावसायिक क्षेत्र थप चलायमान हुने खालको मौद्रिक नीति र यसका औजारहरूमा हेरफेर हुने अपेक्षा पूरा भएन ।**
- **विद्युतीय सवारीलाई प्रोत्साहन दिने सरकारको लक्ष्यविपरीत ६० प्रतिशत मात्र ऋण पाइने व्यवस्थाले बिजुली गाडीलाई निरूत्साहित गरी पेट्रोल, डिजेल इन्जिनका गाडीलाई प्रोत्साहन गर्न खोजिएको देखिन्छ ।**
- **लघुवित्तले ब्याजदर घटाउनुपर्ने अवस्था देखिएकाले दीर्घकालमा कमजोर लघुवित्त बजारमा टिक्न सक्लान् त ?**
- **सञ्चित विदेशी मुद्राको उपयोग गर्ने दीर्घकालीन रणनीतिको अभावले हालको सञ्चित विदेशी मुद्राको उपयोग होला र भन्ने प्रश्न उब्जिएको छ ।**
- **जोखिम भार घटाउने र क्याप हटाउनेलगायत माग मौद्रिक नीतिले बे वास्ता गर्दा लगानीकर्ता निराश देखिएका छन् ।**
- **बैंकले गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्ने लक्ष्यसहित कम्पनी स्थापना गर्ने परिकल्पना गरेअनुरूप मौद्रिक नीतिको समीक्षामार्फत एसेट म्यानेजमेन्ट कम्पनी सञ्चालन गर्ने व्यवस्था गरिएन ।**

हाल मुद्रास्फीति बढिरहेको अर्थतन्त्र चलायमान हुन नसकेको र महँगीमा समेत यथेष्ट नियन्त्रण नभएको हुँदा नीतिगत दर बढाउनुपर्ने आवाज उठेको भए तापनि यसमा कुनै परिवर्तन नगरी नीतिगत दरलाई ५ प्रतिशत र ब्याजदर कोरिडोरअन्तर्गतको तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दरलाई ३ प्रतिशत र माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई ६ दशमलव ५ प्रतिशत यथावत् राखेको छ । अनिवार्य नगद मौज्दात र वैधानिक तरलतालाई पनि यथावत् राखिएको छ ।

संस्थागत मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दती निक्षेपको भन्दा अधिकतम १ प्रतिशत विन्दुले मात्र कम राख्न पाउने व्यवस्था गरेको छ । यसअघि यो अन्तर २ प्रतिशत थियो । यस परिवर्तनले संस्थागत निक्षेपकर्तालाई थप आकर्षित गर्ने र बैंकहरूको तरलता स्थितिमा समेत सुधार आउने देखिन्छ । गैरबैंकिङ वित्तीय संस्था जसलाई छाया बैंकिङ पनि भन्ने गरिन्छ त्यसलाई सम्पत्ति शुद्धीकरणको दायरामा ल्याइएको छ ।

कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष तथा हायरपर्चेज कारोबार गर्ने वित्तीय संस्थालाई निर्देशन जारी गर्दै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी नियम पालना गर्नुपर्ने व्यवस्थाले छाया बैंकिङमार्फत सम्पत्ति शुद्धीकरण गर्ने बेथितिलाई नियन्त्रण गर्ने जमर्को गरेको देखिन्छ । हायरपर्चेज कर्जा प्रवाह गर्ने कम्पनीले यो निर्देशको कार्यान्वयन नगरे रू. ५ करोडसम्म जरीवानाको व्यवस्थासमेत गरिएको छ, जसले अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउनुका साथै भविष्यमा ग्रे लिस्टबाट हट्ने एक विश्वासिलो आधार बन्न सक्ने भए तापनि सहकारी र ढुकुटी एवं हुन्डी नियन्त्रण जसबाट बढी सम्पत्ति शुद्धीकरण हुने गर्छ । यसलाई कडा नियमन गर्नेतर्फ मौद्रिक नीति किन मौन ? भन्नेहरूको पनि कमी छैन ।

विदेशी मुद्राको प्रचुर सञ्चितिको कारण बाह्य अर्थतन्त्र सन्तोषजनक देखिन्छ । लक्ष्य ७ महीनाको वस्तु तथा सेवा आयात गर्न पुग्ने विदेशी मुद्रा सञ्चिति गर्ने रहेता पनि हालको सञ्चिति हेर्दा १४.४ महीनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त देखिन्छ भने उपयुक्त व्यावसायिक वातावरण नभएको हुँदा आन्तरिक अर्थतन्त्र चलायमान होला र भन्नेहरूको मत बलियो बन्दै गएको देखिन्छ । चालू आवको मौद्रिक नीति सार्वजनिक गर्दै केन्द्रीय बैंकले गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्ने लक्ष्यसहित कम्पनी स्थापना गर्ने परिकल्पना गरेअनुरूप मौद्रिक नीतिको समीक्षामार्फत एसेट म्यानेजमेन्ट कम्पनी सञ्चालन गर्ने व्यवस्था हुनुपर्ने कुरामा यसपटकको समीक्षामा उक्त कुराले किन पूर्णता पाउन सकेन ? भन्ने प्रश्न उब्जिएको छ । यो समीक्षाले सहकारी संस्थाहरूमा आएको समस्या र घरजग्गा कारोबारको शिथिलतालाई कम गर्ने उपायलाई समेट्न नसके तापनि राजस्व प्रशासनको दायरालाई फराकिलो बनाउँदै सुशासनमा उल्लेख्य सुधार र राजनीतिक स्थिरता कायम एवं समग्र मौद्रिक नीतिलगायत अर्धवार्षिक समीक्षाले थप गरेको व्यवस्थालाई वित्तीय क्षेत्रले पूर्ण रूपमा कार्यान्वयन गर्न सकेमा अर्थतन्त्र थप चलायमान हुनेछ भन्ने कुरामा कसैको विमति नरहला ।

*डा. वशिष्ठ बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।*

# १ अर्ब डलरको 'भूत विमानस्थल'

नेपालमा निर्माण गरिएको भैहरवा विमानस्थल र पोखरा विमानस्थलले अन्तरराष्ट्रिय उडान नपाउँदा यसको ऋण कसरी तिर्ने भन्ने चिन्ता सरकारलाई थपिएको छ । यद्यपि यी विमानस्थलमा आन्तरिक उडान भने राम्रै भइरहेका छन् । चीनको ऋणमा पाकिस्तानमा बनेको ग्वादर विमानस्थलको त उद्घाटन पनि हुन सकेको छैन ।

यस्तो ठूला पूर्वाधार परियोजनाहरू असफल भएका उदाहरण विश्वमा अनेकौं छन् । अर्बौंका परियोजना प्रयोजनविहीन बनेको पाइन्छ । स्पेनले बनाएको एउटा विमानस्थल यस्तै असफलताको शिकार हुन पुग्यो जसलाई भूत विमानस्थलको उपनाम दिइएको छ ।

स्पेनको सिउदाद रियल सेन्ट्रल एयरपोर्ट ठूलो महत्त्वाकांक्षासहित निर्माण गरिएको थियो । यसले म्याड्रिड-बाराजास विमानस्थलको चाप कम गर्न र अन्तरराष्ट्रिय तथा सस्तो उडानहरूको केन्द्र बन्न सक्ने भन्ने सरकारको सोच थियो । तर, यसको सट्टा यो विमानस्थल उडान, यात्रु वा कुनै पनि एयरलाइनले प्रयोग नगरेको 'भूत विमानस्थल' बन्यो । यो उड्डयन इतिहासको सबैभन्दा कुख्यात पूर्वाधार असफलताहरूमध्ये एकको रूपमा चिनिन पुग्यो ।

वास्तवमा भविष्यका लागि भनेर बनेको यो विमानस्थलको कुनै भविष्य थिएन ।

स्पेनको २००० को दशकमा पूर्वाधारको निर्माणलाई तीव्रता दिएको समयमा म्याड्रिडभन्दा १५० माइल दक्षिणमा अन्तरराष्ट्रिय विमानस्थल खोल्ने योजना आशाजनक देखिन्थ्यो । विमानस्थल निकै ठूलो थियो । ४ हजार मीटर लामो धावनमार्ग (यूरोपकै लामोमध्ये एक), वार्षिक रूपमा १ करोड यात्रु सम्हाल्न सक्ने टर्मिनल र ४७ हजार टन कार्गो भण्डारण गर्ने सुविधा त्यसमा थियो ।

यी सुविधाका कारण यस विमानस्थलले एयरलाइनहरूलाई आकर्षित गर्न सफल हुने अपेक्षा गरिएको थियो । तर, कसैले पनि त्यहाँबाट उडान गर्न चाहेनन् ।

विमानस्थल शहरबाट टाढा भएकाले एयरलाइनहरू र यात्रुहरूलाई आकर्षित गर्न असम्भव बनायो । म्याड्रिडकै सुविधाहरू राम्रो भएका कारण यात्रुहरू त्यहीं बस्न रुचाए । यसलाई प्रतिस्पर्धी बनाउने कुनै द्रुत रेलसेवा वा ठूला शहरी क्षेत्रहरू नजिक थिएनन् । त्यसैले सिउदाद रियल सेन्ट्रल विमानस्थल प्रयोग गर्न असजिलो थियो । शुरूमा बजेट एयरलाइनहरू यसमा आकर्षित हुने आशा गरिएको थियो, तर त्यसो भएन ।

२०१३ सम्ममा विमानस्थल आर्थिक रूपमा पूर्णरूपमा टाट पल्टियो । ऋण चुलिँदै गएपछि यसलाई १० करोड डलर (१.६ अर्ब नेपाली रुपैयाँ) मा लिलामी गर्ने निर्णय गरियो तर कसैले पनि लिलामीमा चासो देखाएनन् ।

२०१५ मा स्थिति झन् अनौठो बन्यो, जब एक चिनियाँ लगानी कम्पनीले विमानस्थललाई मात्र १० हजार डलर (१६ लाख नेपाली रुपैयाँ) मा किन्ने प्रस्ताव राख्यो । यो भनेको त्यस विमानस्थलका लागि सोचिएको केही उडानहरूको पहिलो श्रेणीको टिकटभन्दा पनि सस्तो हो ।

स्पेनी अदालतहरूले तुरुन्तै यो सम्झौता रोकिदिए किनभने यो सम्झौतामा टर्मिनल र पार्किङ सुविधा समावेश थिएनन् । पछि २.८ करोड डलर (४.५ अर्ब नेपाली रुपैयाँ) मा विक्री गर्ने अर्को प्रयास पनि असफल भयो । अन्ततः २०१८ मा एक जना नयाँ खरीदकर्ता पाइयो जसले विमानस्थललाई ५.६२ करोड डलर (८.८ अर्ब नेपाली रुपैयाँ) मा किने । यद्यपि यो विगतका असफल सम्झौताहरूभन्दा राम्रो थियो । तर, यो अझै पनि मूल १ अर्ब डलरको लगानीको सानो अंश मात्र थियो ।

> **४ हजार मीटर लामो धावनमार्ग (यूरोपकै लामोमध्ये एक), वार्षिक रूपमा १ करोड यात्रु सम्हाल्न सक्ने टर्मिनल र ४७ हजार टन कार्गो भण्डारण गर्ने सुविधा त्यसमा थियो ।**

### उडानहरू नभएपछि अनौठा प्रयोगहरू

नयाँ मालिक आएपछि पनि सिउदाद रियल सेन्ट्रल एयरपोर्टले कहिल्यै व्यावसायिक रूपमा सफलताको अनुभव गर्न सकेन ।

कोभिड-१९ महामारीको समयमा जब विश्वभरको हवाई यात्रा ठप्प भयो यो विमानस्थल पार्किङ स्थलमा परिणत भयो, जहाँ एयरलाइन्सहरूले उड्न नसकेका विमानहरू राखे । यस विमानस्थलमा फिल्म र टिभी कार्यक्रमहरू सुटिङ गरियो किनभने यसका आधुनिक तर सुनसान संरचनाहरू छायांकनका लागि उपयुक्त थिए ।

त्यसैगरी, कहिलेकाहीँ केही निजी चार्टर उडानहरू सञ्चालन भए तर यो व्यस्त व्यावसायिक केन्द्र बन्न सकेन । २०२४ मा स्पेनी सरकारले यसलाई शरणार्थी आश्रय केन्द्रमा परिणत गर्ने विचार गरेको थियो तर स्थानीय बासिन्दाले विरोध गरेपछि यो योजना पनि रद्द गरियो ।

वर्षौंसम्म पुनः प्रयोगका असफल प्रयासहरू भए पनि सिउदाद रियल सेन्ट्रल एयरपोर्ट अझै पनि प्रायः प्रयोगविहीन छ । यो अति महत्त्वाकांक्षी पूर्वाधार परियोजनाहरूका लागि चेतावनीपूर्ण उदाहरण बनेको छ, जसले विश्वभरका नीति निर्माताहरूलाई ठूलो पाठ दिन सक्छ । नेपालले पनि आफ्ना पूर्वाधारहरू बनाउँदा त्यसको व्यावसायिक सम्भाव्यता हेर्न आवश्यक छ भन्ने सन्देश यो विमानस्थलले दिएको छ । खासगरी निजगढ विमानस्थल जस्ता पूर्वाधार यस्तै नबनून् भन्नेमा सचेत हुनुपर्छ ।

*इन्डियनडिफेन्सभ्यूमा प्रकाशित सामग्रीको सहयोगमा ।*



तस्वीर : रासस

**महोत्तरी, गौशालाका एक किसान उखु विक्रीका लागि एभरेस्ट चिनी मिलमा लैजाँदै ।**

# किन घट्यो यार्सागुम्बा निर्यात ?

**अभियान संवाददाता**

काठमाडौं

नेपालबाट यार्सागुम्बाको निर्यात ६९ प्रतिशतले घटेको छ । गत आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो ७ महीनाको तुलनामा चालू आव २०८१/८२ को सोही अवधिमा यार्सागुम्बा निर्यात ६९ प्रतिशतले घटेको पाइएको हो ।

**पछिल्लो पाँच वर्षमा नेपालबाट यार्सागुम्बा निर्यात**

| आर्थिक वर्ष | परिमाण (किलोग्राम) | मूल्य (रूपैयाँ) |
|---|---|---|
| २०८१/८२ (माघ सम्म) | ४५९ | १८ करोड ३५ लाख ८२ हजार |
| २०८०/८१ | १४८४ | ७० करोड १८ लाख ६४ हजार |
| २०७९/८० | ६८३ | ४४ करोड ३१ लाख ९१ हजार |
| २०७८/७९ | ५०३ | ३० करोड ९२ लाख ३३ हजार |
| २०७७/७८ | २६१ | १५ करोड ७६ लाख २५ हजार |

*स्रोत : भन्सार विभाग*

भन्सार विभागको तथ्यांकअनुसार गत आवको माघसम्म नेपालबाट ६० करोड ६१ लाख ८५ हजार रुपैयाँ बराबरको १ हजार २४६ किलोग्राम यार्सागुम्बा निर्यात भएको थियो । चालू आवको सोही अवधिमा १८ करोड ३५ लाख ८२ हजार रुपैयाँको ४५९ किलोग्राम मात्रै यार्सा निर्यात भएको छ । मूल्यको आधारमा यस वर्षको ७ महीनाको निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६९ प्रतिशतले कम हो ।

विभागको तथ्यांक हेर्दा यसअघि आव २०७७/७८ देखि २०८०/८१ सम्म यार्सा निर्यात निरन्तर बढेको देखिन्छ । तर, चालू आवको शुरुआती चरणदेखि नै यसको निर्यात खस्कँदो देखिन्छ ।

पछिल्ला केही वर्षयता यार्सा उत्पादन घट्दै गएकाले निर्यात पनि घटेको हुन सक्ने झन्डै एक दशकदेखि यार्सा निर्यातमा संलग्न माथिल्लो डोल्पाका टासीघुटुर मगरले बताए । उनका अनुसार जलवायु परिवर्तनका कारण तापक्रम बढ्दै जाँदा र हिउँ पग्लने समय परिवर्तन हुँदा यसको प्राकृतिक बासस्थान प्रभावित भएको छ ।

किलोकै लाखौं रुपैयाँ पर्ने भएकाले स्थानीयबासी सबै काम छाडेर हरेक वर्ष यार्सा संकलनमा लाग्ने गरेको उनको भनाइ छ । परिवारका सबै सदस्य यही काममा सक्रिय रहँदा यसको संकलन अत्यधिक मात्रामा हुँदै गएको उनले बताए । फलस्वरुप नयाँ यार्सा उत्पादन हुने क्रम घटेको र एकपटक टिपेको ठाउँमा अर्को वर्ष नपाइने क्रम पनि बढ्दै गएको उनको भनाइ छ ।

यसबाहेक अन्तरराष्ट्रिय बजारमा यार्सागुम्बाको माग विगतको तुलनामा घटेको उनले सुनाए । चीन लगायत केही मुलुकले यार्सा आयातमा कडाइ गरेको मगरको भनाइ छ । नेपालले हङकङ, कम्बोडिया, सिंगापुर, भियतनाम, अमेरिका, चीन, मलेसिया, फ्रान्स, इटाली, जर्मनी, दक्षिण कोरिया लगायत दर्जनभन्दा बढी मुलुकमा हिमाली जडीबुटी यार्सागुम्बा निर्यात गर्दै आएको छ ।

नेपालमा पाइने ७०० भन्दा बढी औषधिजन्य जडीबुटीमा सबैभन्दा मूल्यवान यार्सागुम्बा हो । नेपालका डोल्पा, दार्चुला, जुम्ला, हुम्ला, मुगु, कालीकोट, बझाङ, बाजुरा, जाजरकोट, रुकुम, रोल्पा, बागलुङ, म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, धादिङ, रसुवा, सिन्धुपाञ्चोक, दोलखा, रामेछाप, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ गरी २५ जिल्लाका उच्च क्षेत्रमा यार्सागुम्बा उत्पादन हुने गरेको छ ।

यार्सागुम्बा एक परजीवी ढुसी हो, जुन कीराको जीवनचक्रमा निर्भर रहन्छ । कीराको संख्या घट्नु वा ढुसीको जैविक प्रक्रियामा आएको परिवर्तनले पनि उत्पादनमा कमी ल्याएको हुन सक्ने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

**बाँकी पृष्ठ १ बाट ...**

**कोभिड-१९ पछि ...**

नेपालबाट भारत, चीन, इटाली, मेक्सिको, फ्रान्स, टर्की र ल्याटिन अमेरिकी देशमा प्रशोधित छाला निकासी गरिन्छ ।

कोभिड-१९ ले असर गरेको निर्यातमा केही सुधार आए पनि छाला उद्योगीहरूले देशभित्र कच्चा छाला पाउन संघर्ष गर्नुपरेको छ । विराटनगर र वीरगञ्जमा सञ्चालित १२ उद्योगलाई पछिल्लो समय कच्चा पदार्थसमेत अभाव हुन थालेको छ । उद्योगीहरूले पछिल्लो समय काँचो छाला पाइन छाडेको भन्दै अर्धप्रशोधित छाला आयात गरेर यहाँ भ्यालु एड गरी निकासी गर्न पाउनुपर्ने माग राख्दै आएका छन् । विराटनगर र वीरगञ्जका छाला उद्योगहरूले नेपालभित्र काँचो छाला संकलन गरी प्रशोधन गरेर निकासी गर्दै आएका छन् ।

नेपाल छाला उद्योग संघका केन्द्रीय अध्यक्ष जावेद नवीले पछिल्लो समय नेपालमा विभिन्न कारणले काँचो छालाको उत्पादनसमेत घटेको बताए । पहिलो कारणमा कोशी प्रदेशमा लगायतमा खुलेका वधशाला बन्द भएकाले काँचो छालाको अभाव भएको हो । नेपालकै पुरानो नेपाल टाइनिङ इन्डस्ट्रिज प्रालिका सञ्चालकसमेत रहेका अध्यक्ष नवी भन्छन्, 'नेपालको छालाले यहाँका तीनओटा उद्योगको माग मात्रै धान्न सक्छ। त्यसैले हामीले सरकारसमक्ष अर्धप्रशोधित र भारतबाट काँचो छालासमेत आयात गर्न पाउनुपर्ने माग राखेका छौं ।'

दुई साताअघि उद्योग मन्त्रालयमा नेपाल छाला उद्योग संघले छाला प्रशोधनमा प्रयोग हुने केमिकलको भन्सार दर घटाउनुपर्ने, छाला उद्योगको कच्चा पदार्थका रूपमा रहेको अर्धप्रशोधित छाला बाहिरबाट आयात गरी यहाँ प्रशोधन गरेर बाहिर पठाउन पाउनुपर्नेलगायत माग राखेको थियो ।

कोरोना कहरका बेला उद्योग बन्द गरेर बस्नुपरेको थियो ।



पछि यूरोपलगायत मुलुकबाट अपेक्षाअनुसार छालाको माग नआएको उनी बताउँछन् । युक्रेन-रूस युद्धका कारण इटाली र चीनबाट आउने मागसमेत घटेको नेपाल छाला उद्योग संघका महासचिव जुनेद इफ्तखारले बताए ।

सरकारले निकासीको सूचीमा राखेर ६ प्रतिशत अनुदान दिँदै आएको छाला उद्योगका लागि सुहलियत पूर्ण ऋणलगायतको सुविधा नहुँदा उद्योगहरूको उत्पादन खुम्चँदै गएको इफ्ताखारले बताए । विदेशी मुद्रा आर्जन गर्ने उद्योगका रूपमा छाला उद्योगलाई थप प्रोत्साहन गर्नुपर्नेमा सरकारले नगद अनुदानसमेत ढिला दिइरहेको गुनासो उद्योगीको छ ।

नवीले पनि कोरोना महामारी र रूस-युक्रेन युद्धले नेपालको छाला उद्योगको उत्पादन क्षमता ७५ प्रतिशत घटेको बताए । यूरोप, अमेरिकी केही मुलुकमा निकासी भइरहेको छालाको माग घटेपछि अहिले उद्योगहरू मुश्किलले २५ प्रतिशत उत्पादनमा सीमित रहेर सञ्चालन गर्नुपरेको उनको भनाइ छ ।

विराटनगर नाकाबाट एशियन लेदर इन्डस्ट्री, नेपाल टयानिङ इन्डस्ट्री, गोल्डेन लेदर इन्डस्ट्रिज र युनाइटेड लेदर गरी छालाका चार उद्योगले भारत र समुद्रपारका मुलुकमा निकासी गरिरहेका छन् । विराटनगरको एक उद्योग बन्द छ भने बाँकी आठ उद्योग वीरगञ्जमा सञ्चालनमा छन् । छाला निकासी वीरगञ्ज र विराटनगर नाकाबाट हुँदै आएको छ ।

एशियन लेदर इन्डस्ट्रिजका सञ्चालक हसन अन्सारीका अनुसार कोरोनाका कारण थलिएका छाला उद्योगहरू रूस-युक्रेन युद्धको मारमा परेका छन् । भारतलगायत केही मुलुकबाहेक अन्यमा छाला निकासी हुन नसकेका कारण उद्योगहरूको उत्पादन खुम्चिएको छ । सरकारले बैंक ब्याजलगायतमा छाला उद्योगलाई सुविधा दिनुपर्ने अन्सारीको माग छ ।

**बाँकी पृष्ठ १ बाट ...**

**कुलमानको पद ...**

लगत्तै भोलिपल्ट २२ फागुनमा मन्त्रिपरिषद्को निर्णयबमोजिम ऊर्जा मन्त्रालयले घिसिङलाई चारबुँदे स्पष्टीकरण सोधेको थियो । आइतवार घिसिङले बुझाएको स्पष्टीकरण पत्रमा उल्लेख भएअनुसार कार्यसम्पादन मूल्यांकन विगतमा भएको कार्यको तथ्यमा आधारित हुनुपर्ने दाबी गरिएको छ ।

'कदाचित् ढिलो पेश गरिएको भनिएको कारणले कार्यसम्पादन मूल्यांकन हुन नसक्ने अवस्था हुँदैन । यस आधारमा सम्झौतापत्र परिपालना हुन नसक्ने वा सम्झौतापत्रको प्रयोजन र प्रभावकारिता निष्प्रयोजित हुँदैन ।'

कुनै कार्य समयमा नभएकाले सम्झौतापत्र नै अर्थहीन र समाप्त हुने भएमा उक्त सम्झौतापत्रमा समय सारतत्त्व हुन्छ । कार्यसम्पादन प्रतिवेदन ढिला पेश भएको भन्ने तहाँको पत्रमा उल्लेख भए पनि सोही कारणले सम्झौतापत्र निरर्थक वा नियुक्ति रद्द हुन सक्दैन,' घिसिङले मन्त्रालयलाई पठाएको स्पष्टीकरण पत्रमा उल्लेख छ ।

मन्त्रालयले यसअघि नै घिसिङलाई २२ असोज, १३ कात्तिक, २२ पुस र फागुन १३ मा स्पष्टीकरण सोधिसकेको छ । डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेबापत उद्योगीले प्राधिकरणलाई तिर्नुपर्ने करीब ६ अर्ब रुपैयाँ रकमलाई लिएर ऊर्जामन्त्री र कुलमानबीच विवाद बढ्दै जाँदा अहिलेको परिस्थिति सृजना भएको हो ।

**नेपाल टेलिकमले ...**

नेपाल टेलिकमले २०६३ सालमा प्राप्त गरेको २१०० मेगाहर्ज ब्यान्डको थ्रिजी फ्रिक्वेन्सीका लागि आधारभूत दस्तुरका रूपमा प्रतिमेगाहर्ज १ करोड २० लाख रुपैयाँ बुझाउँदै आएको थियो ।

तर २०७८ सालमा एनसेल सहभागी लिलाम बढाबढबाट उक्त फ्रिक्वेन्सीको मूल्य १ करोड ५० लाख रुपैयाँ तय भयो । यसबाट एनसेलले थप २८५ मेगाहर्ज फ्रिक्वेन्सी पाएको थियो । प्राधिकरणले लिलाम बढाबढ गरी कायम गरेको नयाँ दर (प्रतिमेगाहर्ज १ करोड ५० लाख) लाई आर्थिक वर्ष २०६३/६४ देखि नै २०७७/७८ सम्म लागू गरी नेपाल टेलिकमसँग ९० करोड थप दस्तुर माग गरेपछि विवाद शुरू भएको थियो ।

प्राधिकरणले टेलिकमबाट माग गरेको ९० करोड रुपैयाँ थप दस्तुर अदालतले अस्वीकार गरेको छ । अदालतले यो नीति लागू हुनुअगावै वितरण भइसकेको २१०० मेगाहर्ज फ्रिक्वेन्सीको मूल्य निर्धारण गर्दा सोही ब्यान्डको सोही परिमाणको ब्यान्डविथ बराबरको फ्रिक्वेन्सीलाई बढाबढ गर्ने र उक्त बढाबढबाट कायम भएको मूल्य नीति लागू हुनुअघि उक्त फ्रिक्वेन्सी उपलब्ध गराइएको मितिदेखि नै असुलउपर गर्ने व्यवस्था कानूनको पश्चात्दर्शी सिद्धान्तविपरीत रहेको उल्लेख गरेको छ ।

प्राधिकरणले आव २०६३/६४ देखि हालसम्म बुझाइरहेको दस्तुरलाई परिवर्तन गरी अप्रत्याशित रूपमा अनपेक्षित रकम तिर्न पत्राचार गरेको अवस्था कानूनसम्मत नभएको अदालतको ठहर छ ।

अदालतले 'कुनै पनि कानून वा नीतिले भूतप्रभावी असर गरी वित्तीय बोझ लगाउन नसक्ने' सिद्धान्तलाई दोहोऱ्याएको छ । २०७८ मा भएको लिलामबाट कायम भएको दस्तुर २०६३ देखि लागू गर्न खोज्नु कानूनी रूपमा अमान्य रहेको अदालतको ठहर छ ।

अदालतले २१०० मेगाहर्ज ब्यान्डलाई थ्रीजी सेवाका लागि मात्र सीमित गर्नु प्रविधि तटस्थताको सिद्धान्तविपरीत भएको पनि उल्लेख गरेको छ । यसले टेलिकम अपरेटरले फोर-जी/फाइभ-जीजस्ता नयाँ प्रविधि अपनाउन नसक्ने अवस्था बनेको उक्त फैसलामा उल्लेख छ ।

नियामक प्राधिकरणबाट भूतप्रभावी असर दिने गरी कुनै निर्णय गर्दा वा नीति बनाउँदा नेपालमा व्यवसाय गर्न र लगानी गर्न जोखिम छ भन्ने सन्देश प्रवाह हुने भन्दै उच्च अदालतले व्यवसाय र लगानीको लागि आवश्यक पर्ने कानूनी र नीतिगत सुनिश्चितता, सुरक्षा तथा विश्वास नरहेको अवस्था हुन पुग्नेतर्फ समेत अदालतले ध्यानाकर्षण गराएको छ ।

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

**वैकल्पिक उम्मेदवारहरुलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना**

**(सूचना प्रकाशन मितिः २०८१/११/२५)**

यस बैंकको पदपूर्तिका लागि लोक सेवा आयोगबाट संचालित खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरुको लिखित परीक्षा र अन्तर्वार्ताको कुल प्राप्ताङ्कका आधारमा पदपूर्ति समितिको निर्णयानुसार नियुक्तिका लागि सिफारिस भएका मध्ये रिक्त भएको पदमा पदपूर्ति समितिको मिति २०८१/११/२५ गतेको निर्णयानुसार **वैकल्पिक उम्मेदवारहरुलाई नियुक्तिको लागि सिफारिस गरिएको सूचना** बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/११/२५ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | सिफारिस समूह | बैकल्पिक योग्यताक्रमबाट सिफारिस पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | २६/२०७९-८० | ४ | लेखपाल | प्रशासन | महिला | २ |
| २. | २४/२०७९-८० | ५ | व्यवसाय सहायक | प्रशासन | खुला | १ |

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

**नबिल बैंक लिमिटेड, गल्छी शाखा, धादिङ् धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**प्रकाशित मितिः २०८१/११/२६**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीहरुले तथा सोको धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको **१५ दिने** सार्वजनिक सूचना मिति २०८१/०३/१० को आर्थिक दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणीहरु तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको गल्छी शाखा, धादिङ्कोमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्होरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्हहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

१

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, विभागमा मिति २०७७/१०/१३ मा प्रा.फ.र.नं ९६९/०७७/०७८ अन्तर्गत दर्ता भएको **न्यु तारकेश्वर मोवाईल सेन्टर ।**
ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. ०४ ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
नयनाथ रिजालकी छोरी, ईव राज ढुंगानाकी बुहारी, माणिक राज ढुंगानाकी श्रीमती, नुवाकोट जिल्ला तारुका गा.पा. वडा नं. ०३ स्थायी घर भई हाल नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. ३३१७ (जारी मितिः २०४४/११/२८, स्थान नुवाकोट) भएकी **सिता ढुंगाना ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. ईव राज ढुंगानाको नाती, माणिक राज ढुंगानाको छोरा, नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. २५१००१/८९९ (जारी मितिः २०६७-१२-२०, स्थान नुवाकोट) भएको **मार्शल ढुंगाना ।**
२. देवराज ढुंगानाको नाती, ईव राज ढुंगानाको छोरा, नुवाकोट जिल्ला तारुका गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हालनुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं ०२ बस्ने ना.प्र.नं. ५६७८३ (जारी मितिः २०५५-०४-२७, स्थान नुवाकोट) भएको **माणिक राज ढुंगाना ।**

**संस्थागत जमानतकर्ताको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, विभागमा मिति २०७५/११/२२ मा प्रा.फ.र.नं. ४००/०७५/७६ अन्तर्गत दर्ता भएको **ग्लोबल इन्टरनेसनल इमेक्स ।**
ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. ०२

२

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

ऋणी फर्मः प प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, विभागमा मिति २०७५/११/२२ मा प्रा.फ.र.नं. ४००/०७५/७६ अन्तर्गत दर्ता भएको **ग्लोबल इन्टरनेसनल इमेक्स ।**
ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०२
ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः
ईव राज ढुंगानाको नाती, माणिक राज ढुंगानाको छोरा, नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं ०२ बस्ने, ना.प्र.नं. २५१००१/८९९ (जारी मितिः २०६७-१२-२०, स्थान नुवाकोट) भएको **मार्शल ढुंगाना ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. नयनाथ रिजालकी छोरी, ईव राज ढुंगानाकी बुहारी, माणिक राज ढुंगानाकी श्रीमती, नुवाकोट जिल्ला तारुका गा.पा. वडा नं ०३ स्थायी घर भई हाल नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं ०२ बस्ने ना.प्र.नं. ३३१७ ( जारी मितिः २०४४/११/२८, स्थान नुवाकोट) भएकी सिता ढुंगाना ।
२. देवराज ढुंगानाको नाती, ईव राज ढुंगानाको छोरा, नुवाकोट जिल्ला तारुका गा.वि.स. वडा नं ०३ स्थायी घर भई हाल नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं ०२ बस्ने ना.प्र.नं. ५६७८३ (जारी मितिः २०५५-०४-२७, स्थान नुवाकोट ) भएको माणिक राज ढुंगाना ।

**संयुक्त धितोको विवरण**

नुवाकोट जिल्ला तारुका गा.पा. वडा नं. ०३ स्थायी घर भई हाल नुवाकोट जिल्ला तारकेश्वर गा.पा. वडा नं. ०२ बस्ने, सिता ढुंगाना को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला तारुका गा.पा. वडा नं ०२ नक्सा सिट नं २ख मा अवस्थित कि.नं. १६६ क्षेत्रफल २-६-१-० रोपनी घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौं वा गल्छी शाखा, धादिङ्**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिन भित्र अर्थात मिति २०८१/१२/११ गते ३:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा गल्छी शाखा, धादिङ**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/१२ गते ३:०० बजे बैंकको **गल्छी शाखा, धादिङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सोको अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने र कम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **गल्छी शाखा, धादिङ**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाडौं | फागुन २७ | ११:०० | | ८.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन १५ |
| २ | विशाल बजार कम्पनी लिमिटेड | २०७०/७१ - २०७५/७६ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | फागुन २८ | ११:०० | | १४ | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | फागुन ९ |
| ३ | सिन्धु विकास बैंक लिमिटेड | २०७९/८०, २०८०/८१ | होटल मिराबल, धुलिखेल, काभ्रेपलाञ्चोक | फागुन २८ | ११:०० | | | ५० प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | फागुन १५ |
| ४ | राधी विद्युत् कम्पनी लिमिटेड | विशेष | वेलकम पार्टी प्यालेस, चापागाउँ, ललितपुर | चैत ३ | ८:०० | | | सञ्चालकको नियुक्ति | फागुन २५ |
| ५ | नेपाल बैंक लिमिटेड | २०८०/८१ | नेपाल ए.पी.एफ. क्लब, हलचोक, काठमाडौं | चैत ६ | १०:३० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २२ |
| ६ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | अनमोल क्याटरिङ् सर्भिस प्रा.लि., शंखमुल, काठमाडौं | चैत ७ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| ७ | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | गोर्खा होटल, धरान, सुनसरी | चैत ८ | ९:०० | | | शेयर स्वामित्व संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| ८ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाडौं | चैत ८ | ११:०० | १.२४८९ | ८ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २६ |
| ९ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत | चैत १० | ११:३० | १४.२५ | ०.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| १० | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल भ्यू भक्तपुर, जगाती, भक्तपुर | चैत १० | १०:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| ११ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | २०८०/८१ | आभ्या क्लब, घारीपाटन, पोखरा | चैत ११ | ११:०० | ४ | ०.२११ | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २३ |
| १२ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | होटेल एयरपोर्ट, मोरङ, विराटनगर | चैत ११ | ११:०० | | | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २६ |
| १३ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | सिद्धार्थ होटल, बिर्तामोड, झापा | चैत ११ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २९ |
| १४ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | २०८०/८१ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | चैत १५ | ११:०० | | १० | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १ - चैत १५ |
| १५ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, नक्साल, काठमाडौं | चैत १५ | ११:०० | २६.९८४१२६९८ | १.४२०२२ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| १६ | चिरख्वा हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं | चैत २० | ९:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १२ |

# इन्भेष्टमेन्ट कम्पनीहरूलाई नेपाल धितोपत्र बोर्डमा सूचीकृत हुन अनुरोध

काठमाडौं (अस) । नेपाल धितोपत्र बोर्डले एक सूचना जारी गर्दै इन्भेष्टमेन्ट कम्पनीहरूलाई बोर्डमा सूचीकृत हुन अनुरोध गरेको छ । यसअघि सरकारले ५ करोड रुपैयाँ वा सोभन्दा बढी चुक्तापूँजी वा दश करोड रुपैयाँ वा सोभन्दा बढी कारोबार भएका इन्भेष्टमेन्ट कम्पनीहरूको नियमनकारी निकाय धितोपत्र बोर्डलाई तोक्ने निर्णय गरेको थियो । सोहीअनुसार बोर्डले सूचीकृत हुन आउने सूचना जारी गरेको हो ।

इन्भेष्टमेन्ट कम्पनीलाई सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ को नियम २० को व्यवस्था बमोजिम बोर्डमा सूचीकृत हुन सूचनामा भनिएको छ ।

बोर्डमा सूचीकृत हुनका लागि निवेदन पत्र, कम्पनीको अद्यावधिक प्रबन्धपत्र तथा नियमावली, कम्पनी अद्यावधिक दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्र, सञ्चालक समितिको विवरण (नाम, ठेगाना, सम्पर्क नम्बर तथा शेयरधनीको लगत), कार्यकारी प्रमुखको विवरण (नाम, ठेगाना, सम्पर्क नम्बर), कम्पनीको सञ्चालक समितिबाट बोर्डमा सूचीकृत हुने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि, कम्पनीको सञ्चालक समितिबाट बोर्डमा सूचीकृत हुने सम्बन्धमा दिएको अख्तियारी, कम्पनीको वार्षिक कारोबार समेत खुल्ने लेखापरीक्षण भएको वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदन, कम्पनीको चुक्तापूँजी खुल्ने कागजात तथा विवरण सहित उपस्थित हुन सूचनामा भनिएको छ ।

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १८३९.४ | १८३९.४ | ३०१ |
| २ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | १११५ | २४७५ | १०७० |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७९९.८ | १०६० | ५६६ |
| ४ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७७४ | ८३१ | ५२३ |
| ५ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७२३.७ | ७७४.९ | ४३० |
| ६ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ७११ | ७४४.५ | ४४७.२ |
| ७ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६५८ | ७७६.१ | ५२१.३ |
| ८ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ६१०.६ | ७३२.२ | ४७३ |
| ९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ५६३.१ | ६००.१ | ४१२ |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४८७ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४६२ | ६४४ | ३९५.१ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४४६ | ६०७ | ३६४.१ |
| १३ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | ४४२.४ | ६५४ | ४१५ |

### निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५०६६ | २२४९३.९ | १२८०० |
| २ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | १००५ | ११६२ | ८०० |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९८९ | १११३ | ७४० |
| ४ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९१४ | १३८२ | ७३२ |
| ५ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८७१ | १०७६ | ७११.५ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ८३७.२ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७९२ | १०५० | ७५० |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ७३९.२ | ९२६ | ६०२ |
| ९ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ६९३ | ८१७.१ | ५०८.१ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६८३ | ८३७.३ | ५१५.५ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ६४२ | ८१० | ५५३.३ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ६२२ | ७६० | ५०८ |


## Notice for Invitation of Sealed Quotation

Published Date: 10th March, 2025

Manjushree Finance Limited Ltd. invites sealed quotations from the interested firms/companies for Supply, Delivery and Installation of firewall and Network Devices.

**Details of Project :** Manjushree Finance Limited (MFL) is seeking proposals from qualified Solutions Providers to design, implement, and maintain a High Availability (HA) network architecture to ensure uninterrupted banking service availability. Please visit **www.manjushreefinance.com.np** for scope of work and expected deliverables.

**Terms and Conditions are as under:**

**1.** Bidders must submit the following documents:
**a)** PAN/VAT Certificate. **(b)** Audited Balance Sheet for the Last 2 years having turnover of at least 1 crore in immediate previous year. **(c)** Company Registration Certificate. **(d)** Latest Tax Clearance Certificate. **(e)** Manufacturer's Authorization Letter from the OEM. **(f)** The Bidder should have at least 2 Certified Engineers in the proposed solution. **(g)** The Bidder must have work experience of providing similar solutions at the Data Center of at least 3 BFIs including 1 Commercial Bank in the last 3 Years.
**2.** RFP Documents : Available upon submission of an official request letter to the General Administrative Department, (GAD), New Baneshwor, Kathmandu, with a non-refundable fee of NPR 5,000/-.
**3.** Sealed proposals must be submitted to the GAD, MFL's HO, New Baneshwor not later than 3:00 PM, 24th March, 2025. Documents received after the deadline will not be considered.
**4.** If the submission deadline falls on a government holiday, proposals can be submitted on the next working day. The same applies to the proposal opening process.
**5.** The Bids received will be opened on 25th March, 2025 at 3:00 P.M. at MFL's HO, New Baneshwor, in absence/presence of the bidder's representatives. Non- attendance of any or all the bidder's representatives shall not hinder the opening of the bids.
**6.** The bidder shall deposit a bid bond or deposit cash equivalent to 10% of bid amount (Refundable upon compliance of all the terms of project).
**7.** Manjushree Finance Limited reserves the right to accept or reject any or all bids, wholly or partly. at its sole discretion without assigning any reason.

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Manjushree Finance Limited**
For Details, Please Contact : General Administration Department,
Telephone: +977-01-4792517 Ext: 207/208, Mob: 9851400539
Email : info@manjushreefinance.com.np


# एनआईसी एशिया ग्रोथ फण्ड फागुन २८ गतेदेखि परिपक्व हुने

काठमाडौं (अस) । एनआईसी एशिया क्यापिटल लिमिटेडको व्यवस्थापनमा सञ्चालित एनआईसी एशिया ग्रोथ फण्ड फागुन २८ गतेदेखि परिपक्व हुने भएको छ । योजना परिपक्व हुन लागेसँगै धितोपत्र दोस्रो बजारमा भएको इकाई सूचीकरण खारेज गरिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले फागुन २६ गते कम्पनीले योजना खारेजीसम्बन्धी सूचना प्रकाशित गर्न लागेकाले फागुन २६ गतेदेखि लागू हुने गरी सूचीकरण खारेज गरिएको जानकारी दिएको हो ।

यस योजनाको प्रतिइकाई १० रुपैयाँमा जारी भएका ८ करोड ३५ लाख २० हजार इकाई दोस्रो बजारमा सूचीकृत रहेको थियो । योजना सञ्चालनको पहिलो वर्षदेखि छैटौं वर्षसम्मनै इकाईधनीहरूलाई प्रतिफल वितरण गर्न योजना सफल भएको थियो । पहिलो वर्ष १० प्रतिशत, दोस्रो वर्ष १२ प्रतिशत, तेस्रो वर्ष ३० प्रतिशत, चौथो वर्ष १३ प्रतिशत, पाँचौं वर्ष १० दशमलव ५ प्रतिशत र छैटौं वर्ष ९ दशमलव ५० प्रतिशत प्रतिफल वितरण गरेको तथ्यांक योजनाले सार्वजनिक गरेको छ ।

योजना परिपक्व भएपछि खारेजी प्रक्रियामा रहनेछ । योजनाको नाममा रहेको सम्पत्ति नगदमा परिणत गरी इकाईधनीहरूले स्वामित्वका आधारमा भुक्तानी पाउनेछन् । फागुन २५ गतेसम्म कायम इकाईधनीहरू मात्र यस योजनाको खारेजीपश्चात्को प्रतिफल प्राप्त गर्न योग्य भएका छन् ।

# चिरख्वा हाइड्रोपावरले बोलायो साधारणसभा

काठमाडौं (अस) । चिरख्वा हाइड्रोपावर लिमिटेडले आगामी चैत २० गते साधारणसभा आयोजना गर्ने भएको छ । कम्पनीको फागुन २३ गते बसेको सञ्चालक समितिको बैठकले काठमाडौंको जोरपाटीस्थित कुण्डलिनी रोयल्समा बिहान ९ बजे सभा बस्ने निर्णय गरेको हो ।

कम्पनीले सभाका लागि लाभांशसम्बन्धी कुनै प्रस्ताव समावेश गरेको छैन । सभाले गत आर्थिक वर्ष (आव)को वित्तीय विवरणहरू पारित गरी चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने र ५ जना सञ्चालकको निर्वाचन गर्ने प्रस्ताव पारित गर्नेछ ।

त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकबाट लिएको कर्जा अनुमोदन गर्ने र आयोजनाहरू पहिचान गरी उपयुक्त आयोजनामा लगानी गर्ने विशेष प्रस्ताव पनि सभाले पारित गर्नेछ । साधारणसभा प्रयोजनार्थ कम्पनीले चैत १२ गते बुक क्लोज गर्ने निर्णय गरेको छ । बुक क्लोजको आधारमा चैत ११ गतेसम्म कायम शेयरधनी मात्र सभामा भाग लिन सक्नेछन् ।

### आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)

| कम्पनी | पियोर इनर्जी लिमिटेड |
|---|---|
| दिन | २०८१ फागुन २५ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १ लाख ४४ हजार |
| आवेदक संख्या | ४६ हजार २०८ |
| आवेदन परेको कित्ता | १० लाख २८ हजार ६५० |
| आवेदन परेको रकम | १० करोड २८ लाख ६५ हजार |
| निष्कासनको तुलनामा माग | ७.१४ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ चैत ५ गते |
| विक्री प्रबन्धक | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड |

### आईपीओ अपडेट (सर्वसाधारण)

| कम्पनी | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ फागुन २५ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १८ लाख ४५ हजार |
| आवेदक संख्या | १५ लाख ९० हजार ५९४ |
| आवेदन परेको कित्ता | १ करोड ९२ लाख ५७ हजार ११० |
| आवेदन परेको रकम | १ अर्ब ९२ करोड ५७ लाख ११ हजार |
| निष्कासनको तुलनामा माग | १०.४४ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ फागुन २६ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी


## सिद्धार्थ केवलकार लिमिटेडको

### वार्षिक साधारण सभा सम्बन्धि सुचना

दोस्रो पटक प्रकाशित मितिः फाल्गुन २६, २०८१

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति फाल्गुन २२, २०८१ मा बसेको संचालक समितिको ४६औं बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०८०/०८१ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : चैत्र १९, २०८१ ।
समय : दिउसो १:०० बजे ।
स्थान : द फ्लामिङ्गो होटल, जोगीकुटी, रुपन्देही ।

**साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागी**
मिति २०८१ फाल्गुन २३ गतेको कारोबार दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना हेर्नुहुन अनुरोध छ ।

Siddhartha Cable Car Ltd.

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
सिद्धार्थ केवलकार लिमिटेड
बुटवल-१, रुपन्देही ।


# चैत १९ गतेदेखि हकप्रद निष्कासन गर्दै दोर्दी खोला जलविद्युत्

काठमाडौं (अस) । दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेडले चैत १९ गतेदेखि शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने भएको छ । कम्पनीले हाल कायम चुक्तापूँजीको आधारमा शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्न लागेको हो । कम्पनीले १ अर्ब ५ करोड ४२ लाख ६० हजार ४०० रुपैयाँ बराबरको प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यका १ करोड ५ लाख ४२ हजार ६०४ कित्ता हकप्रद शेयर निष्कासन गर्नेछ ।

हकप्रद शेयर निष्कासन प्रयोजनका लागि कम्पनीले फागुन १५ गते बुक क्लोज गरेको थियो । बुक क्लोजको आधारमा फागुन १३ गतेसम्म कायम शेयरधनीहरूले मात्र यो हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् । कम्पनीको हकप्रद शेयरमा २०८२ वैशाख ८ गतेसम्म आवेदन दिन सकिने व्यवस्था छ ।

हकप्रद निष्कासनका लागि गराइएको रेटिङमा इक्रा नेपालले कम्पनीलाई समयमा वित्तीय दायित्व बहन गर्ने क्षमतामा उच्च जोखिम रहेको संकेत गर्ने इक्रा एनपी इस्यूअर बी प्लस रेटिङ प्रदान गरेको छ । कम्पनीको हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

लगानीकर्ताले विक्री प्रबन्धकका साथै सानिमा बैंकको विराटनगर, वीरगञ्ज, पोखरा, रूपन्देही, बाँके, सुर्खेत, धनगढी र लमजुङ शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । साथै नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्बा सेवामा सहभागी बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरूबाट पनि आवेदन दिन सकिनेछ । यसका साथै मेरो शेयर अनलाइन समेत आवेदनका लागि प्रयोग गर्न सकिनेछ ।

हाल कम्पनीको चुक्तापूँजी १ अर्ब ५ करोड ४२ लाख ६० हजार ४०० रुपैयाँ रहेको छ । हकप्रद निष्कासन तथा बाँडफाँटपश्चात् कम्पनीको चुक्तापूँजी २ अर्ब १० करोड ८५ लाख २० हजार ८०० रुपैयाँ कायम हुनेछ ।

### लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०७१.१ | ६७३५ | १८७०.५ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ४१६७ | ६६०० | ११३० |
| ३ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ३२२५ | ४२७१ | ७९५ |
| ४ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | ३०३२.१ | ३४८६ | ९६२ |
| ५ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २७७७.१ | ४०२६.२ | ९८५.२ |
| ६ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २७५० | ४१८१ | १६७०.२ |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २४५५ | ३२२३ | १३२१ |
| ८ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २३७९ | ३०४७ | ८०४ |
| ९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २३६९ | २६४८.७ | १६१७ |
| १० | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २३५६ | २९०७ | ८६०.१ |
| ११ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २२१५ | २६४१ | १६४१ |
| १२ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १९३० | २५३० | ७२५ |
| १३ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १९०१ | २४२६.४ | ८९२ |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १८८२.९ | २३६३.३ | १२३० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १७८५ | २३२७ | ८३० |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १७०६ | १९५८ | १२८२.२ |
| १७ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १६७१ | १९६० | ८०६ |
| १८ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १६२६ | २२५० | ८६२ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १५९९ | १८६०.४ | ८७३ |
| २० | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १३९२ | १८५१ | ८६० |
| २१ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३९० | १९२० | १२६५ |
| २२ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १३१९.९ | १७१६ | ८२० |
| २३ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १३११ | १७२७ | १०८० |
| २४ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२८६ | १८१५ | ८००.५ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १२५१ | १७३९ | १०३० |
| २६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११७९ | १४२८ | ७७०.५ |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११४९ | १४९१ | ६०६.१ |
| २८ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ११३६ | १२८५ | ६६७ |
| २९ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | ११३६ | १३०६.८ | ५९१ |
| ३० | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०५० | १४९२ | ७०४ |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | १०३५ | १४४७ | ५७१ |
| ३२ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९९७ | १२५० | ६२२ |
| ३३ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५७.९ | १४७०.८ | ६१५ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५० | ११९० | ५३६ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ९०० | ११७४ | ६१२ |
| ३६ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८२.१ | ११७७ | ६३५.१ |
| ३७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७१ | १२३२ | ७११.५ |
| ३८ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७० | ११५५ | ८०० |
| ३९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६६.१ | १२७१ | ६०८.९ |
| ४० | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६४ | ९८७ | ५४१ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८४२ | ११०५ | ७८९ |
| ४२ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२० | १००४ | ५९० |
| ४३ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१३ | १०९९ | ६७० |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८२ | १२१४.८ | ६७२ |
| ४५ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७७.९ | ९८० | ५४४ |
| ४६ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६८.८ | ९१८ | ५१० |
| ४७ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०८ | ८९० | ५३६ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९९.८ | ९३०.२ | ६१३ |
| ४९ | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९० | ९०७ | ५५२ |
| ५० | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८५ | ९८८ | ५३० |

### लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २३४४ | २४७७.४ | ६२७ |
| २ | नागरिक लगानी कोष | २०२५ | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १४७५ | १६५१.३ | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लि. | १४३४ | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १२१४ | १४५३.५ | ७३३.३ |
| ६ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २८१.९ | ३६६.६ | १८८.१ |
| ७ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. | २७९ | ३६० | १५८.१ |

# २८ सय विन्दु तल नेप्से

**अभियान संवाददाता**

काठमाडौं

सातको पहिलो कारोबार दिन आइतवार पनि बजार १ दशमलव ६४ प्रतिशत घटेर बन्द भएको छ। नेप्से २ हजार ७७२ दशमलव १० विन्दुमा झरेको हो। यससँगै बजार लगातार पाँच कारोबार दिन घटेको हो।

यसअघि बजार छोटो समयमै २११ अंकले बढेको थियो। ९ दिनसम्म नेप्से निरन्तर बढ्दा कारोबारीले आकर्षक प्रतिफल पाएका थिए। यसरी बढेको बजारमा नाफा बुक हुँदा विक्री चाप परेको लगानीकर्ता बताउँछन्।

आइतवार ३१५ धितोपत्रको २ करोड २७ लाख २६ हजार २८३ कित्ता १ लाख १२ हजार ३४७ पटकमा रू. १० अर्बभन्दा बढीको कारोबार भएको छ। कारोबारमा आएका धितोपत्रमध्ये गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स र ९% आइसिएफसि फाइनान्स लिमिटेड डिबेन्चर २०८८ नामक ऋणपत्रको मूल्य १० प्रतिशत बढेको हो। आइतवार उपकार लघुवित्त वित्तीय संस्था र सिन्धु विकास बैंकका शेयरधनीले सर्वाधिक गुमाएका छन्। यी दुवै कम्पनीको शेयर मूल्य १० प्रतिशत घटेसँगै धेरै गुमाएका हुन्। उपकार लघुवित्तको शेयर मूल्य रू. ४ हजार १६७ र सिन्धु विकास बैंकको रू. १ हजार १३३ दशमलव १० मा झरेको छ।

सर्वाधिक शेयर खरीद विक्रीको हिस्सा हिमालयन रिइन्स्योरेन्स लिमिटेडले ओगटेको छ। यस कम्पनीको रू. १ अर्ब १२ करोड बराबरको कारोबार भएको हो। शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ४६ कायम भएको छ। सर्वाधिक शेयर खरीद विक्री हुने दोस्रोमा नेपाल पुनर्बीमा कम्पनीको रू. ५९ करोड ९८ लाख बराबरको कारोबार भएको हो।

कारोबारमा आएका १३ ओटै समूहगत सूचक सबै घटेका छन्। सबैभन्दा बढी 'अन्य' समूहको सूचक २ दशमलव ६९ प्रतिशत घटेको छ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. ७६ अर्ब ९३ करोडले घट्दै रू. ४६ खर्ब २ अर्ब ९५ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४६ खर्ब ७९ अर्ब ८८ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये २८ दशमलव ३१ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ८५ करोड ६८ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा 'अन्य' समूह रहेको छ। उक्त समूहको रू. १ अर्ब ८५ करोड २४ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. १ अर्ब ३१ करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६९ करोड ४८ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ६२ करोड १ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट आइतवारको बजारमा रू. ८१ करोड ५७ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | १,८३९.४० | १०.०० | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ४,१६७.०० | -१०.०० |
| ९% आइसिएफसि फाइनान्स लिमिटेड डिबेन्चर २०८८ | १,१००.०० | १०.०० | सिन्धु विकास बैंक लिमिटेड | १,१३३.१० | -१०.०० |
| भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ८१७.९० | ९.९९ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ६३०.०० | -९.८७ |
| एनआईबिएल ग्रोथ फण्ड | ८.९९ | ३.९३ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २,७५०.०० | -७.२८ |
| सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३६४.०० | ३.७० | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | १,११५.०० | -५.५१ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २८५.६८ | २८.३१ |
| २ | अन्य | १८५.२४ | १८.३५ |
| ३ | लगानी | १२०.८८ | ११.९८ |
| ४ | जीवन बीमा | १०९.९७ | १०.९० |
| ५ | विकास बैंक | ७२.०८ | ७.१४ |
| ६ | लघुवित्त | ५५.७२ | ५.५२ |
| ७ | बैंकिङ्ग | ४३.१७ | ४.२८ |
| ८ | निर्जीवन बीमा | ४१.२९ | ४.०९ |
| ९ | उत्पादन तथा प्रशोधन | ३७.१६ | ३.६८ |
| १० | वित्त | २८.७८ | २.८५ |
| ११ | संस्थापक शेयर | १०.४८ | १.०४ |
| १२ | होटल तथा पर्यटन | ९.८४ | ०.९८ |
| १३ | म्युचुअल फण्ड | ५.६५ | ०.५६ |
| १४ | व्यापार | १.८१ | ०.१८ |
| १५ | ऋणपत्र | १.४७ | ०.१५ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ६२.०१ | ६९.४८ | १३१.५० |
| ४५ | ४२.०६ | ३९.५१ | ८१.५७ |
| ४२ | ३७.१९ | ३४.७८ | ७१.९७ |
| ३४ | ३२.८० | ३६.४० | ६९.२० |
| ५५ | ३१.४३ | २८.७९ | ६०.२२ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ४,२३९.५५ | -०.८१ |
| २ | होटल तथा पर्यटन | ६,७११.८३ | -०.८३ |
| ३ | उत्पादन तथा प्रशोधन | ७,५४६.९६ | -०.९१ |
| ४ | म्युचुअल फण्ड | १९.८१ | -१.०४ |
| ५ | निर्जीवन बीमा | १२,९३५.७३ | -१.२६ |
| ६ | बैंकिङ्ग | १,३९८.५१ | -१.३६ |
| ७ | लघुवित्त | ५,१२०.९६ | -१.५८ |
| ८ | जलविद्युत् | ३,७२५.६६ | -१.६६ |
| ९ | विकास बैंक | ५,८१०.४४ | -१.७१ |
| १० | जीवन बीमा | १३,९८९.७२ | -१.७४ |
| ११ | वित्त | २,७३०.४७ | -१.८७ |
| १२ | लगानी | १११.२६ | -२.४९ |
| १३ | अन्य | २,४४७.५० | -२.६९ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ११२.४८ | १,०४६.०० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ५९.९८ | १,३०४.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ५५.०९ | १,४७५.०० |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ४५.५६ | १,८३९.४० |
| सिईडिबि होल्डिङ्ग्स लिमिटेड | ३०.५९ | २,३४४.०० |

# नेपाल इन्स्योरेन्सको लाभांश प्रस्ताव

काठमाडौं (अस)। नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ सम्मको मुनाफाबाट शेयरधनीहरूलाई लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। कम्पनीले हाल कायम चुक्तापूँजीको १५ प्रतिशतका दरले बोनस शेयर र शून्य दशमलव ७९ प्रतिशतका दरले नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने घोषणा गरेको हो। फागुन २४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले सो दरमा लाभांश वितरण गर्ने निर्णय गरेको हो। नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भई आगामी वार्षिक साधारणसभाले पारित गरेपश्चात् सो दरमा लाभांश वितरण हुनेछ। अघिल्लो आवको मुनाफाबाट कम्पनीले १० प्रतिशत बोनस शेयर र शून्य दशमलव ५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गरेको थियो।


## ग्रामीण बिकास लघुवित्त वित्तीय संस्था लिमिटेड
प्रधान कार्यालय बुटवल

**सवारी साधन SUV JEEP (Model -2024) र (4WD Hardtop Jeep) खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(दोस्रो पटक प्रकाशित मिति : २०८१/११/२६)**

**बोलपत्र नं : ०५/२०८१/८२**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम सवारी साधन SUV JEEP (Model -2024) थान (१) एक र (4WD Hardtop Jeep) थान (१) एक गरी (२) दुई वटा गाडी आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| १ | सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिदेखि ७ औं दिनको दिन (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ५:०० बजेसम्म यस संस्थाको प्रधान कार्यालय बुटवल सामान्य सेवा महाशाखा/शाखा कार्यालय बागमती (चापागाँउ दोबाटो) बाट पछि फिर्ता नहुने गरी रु.३०००।-(अक्षरेपी तीन हजार) मात्र बुझाई खरिद गर्न र प्रधान कार्यालय बुटवल/शाखा कार्यालय बागमतीमा पेश गर्न सकिनेछ। |
| २ | बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नुपर्नेछ। |
| ३ | बोलपत्र फाराम साथ बोलपत्र जमानत वापत आफूले कवोल गरेको कूल रकमको २.५ प्रतिशतले हुन आउने रकममा नघट्ने गरी हुने रकम यस संस्थाको नाममा सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको खाता नं. ०१२०१०००००३२३२०१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस संस्थाको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नुपर्नेछ। |
| ४ | सूचना प्रकाशित भएको मितिदेखि ७ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ५:०० बजेभित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ। बोलपत्र खोल्ने बारेको सूचना सोको भोलिपल्ट कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ। बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ। तर बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन। |
| ५ | बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको आर्थिक प्रसाशन विनियमावली, २०७२ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ। यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा संस्थाको फोन नं. ०७१-४३७५३० र ०७१-४३८९५१, ०१-५२५२०५८, (मोवाईल ९८४७८२९१५९) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ। |
| ६ | यो सूचना यस संस्थाको वेबसाइट www.gblbs.com.np मा पनि हेर्न सकिनेछ। |



(कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित बीमा ऐन, २०७९ बमोजिम काम कारोबार गर्न इजाजतपत्र प्राप्त)

## क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
## Crest Micro Life Insurance Ltd

प्रादेशिक कार्यालय: वीरेन्द्रनगर-६, फोन नं.०८३-५९०६२२ (सुर्खेत), ०१-५९१६७४० (ललितपुर)
पोस्ट बक्स नं. ७७३५, काठमाडौं, वेबसाइट: www.cmli.com.np इमेल : info@cmli.com.np

**साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना**

क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्नो जारी पूँजी रु.७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैयाँ मात्र) को ३०% ले हुन आउने रु.२२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैयाँ मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरका कूल २२,५०,००० कित्ता साधारण शेयरको १०% अर्थात २,२५,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु लाई, ३ प्रतिशत अर्थात ६७,५०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात १,१२,५०० कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरे पश्चात् बाँकी रहेको १८,४५,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८१ फाल्गुण २२ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८१ फाल्गुण २६ गते सोमबार (बैकिङ्ग समय पश्चात्)** उक्त शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८१ फाल्गुण २६ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

**दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकत्तम शेयर संख्या: १०,००० कित्ता**

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थान |
|---|---|
| १. | क्रेस्ट माइको लाइफ इन्स्योरेन्स लिमिटेड, रमेश कम्प्लेक्स, ललितपुर र वेबसाइट : www.cmli.com.np |
| २. | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट : www.nimbacecapital.com |
| २. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ। |

**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | अपरिष्कृत वित्तीय | प्रक्षेपित | | |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| प्रति शेयर नेटवर्थ (रु) | १००.८६ | १०३.२७ | १०९.३१ | १२५.१८ | १४५.९३ |
| प्रति शेयर आम्दानी (रु) | ०.८६ | २.४१ | ७.७४ | १५.८१ | २०.६५ |
| संचित मुनाफा (रु.हजारमा) | ३,९५२ | ८,८५५ | २६,९५९ | ९९,४५९ | १९६,३२४ |

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था**

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८१/०५/०७ मा क्रेडिट रेटिङ्ग गराई **"[ICRANP-IR] BB" (pronounced as ICRA NP Issuer Rating Double B) प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ।** इक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] AAA" देखि "[ICRANP-IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "[ICRANP-IR] AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP-IR] D" ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

**रेटिङ्ग प्राप्त गरेको मिति : वि.सं. २०८१/०५/०७ (तदनुसार अगस्ट २३, २०२४) बहाल रहने मिति : वि.सं. २०८२/०५/०५ (तदनुसार अगस्ट २१, २०२५)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१ फाल्गुन ०८ गतेको "अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान पत्र वा निष्काशन कम्पनीको वेबसाईट www.cmli.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईट www.nimbacecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIMB ACE CAPITAL LIMITED

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
**पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल**
**फोन नं.: +९७७-१-४५२५२८०**
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com


# सानिमा रिलायन्स लाइफको शेयर मूल्य समायोजन

काठमाडौं (अस)। आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको शेयर मूल्य समायोजन भएको छ। सानिमा रिलायन्सले बोनस शेयर वितरण प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो।

नेप्सेले कम्पनीको १ दशमलव २५ प्रतिशत बोनस शेयर समायोजन गरेको हो। समायोजन पश्चात् कम्पनीको शेयर मूल्य रू. ४३६ दशमलव ९४ कायम भएको छ।

नेप्सेले आइतवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा कम्पनीको शेयर मूल्य समायोजन गरेको हो। आइतवार दोस्रो बजारमा रू. ४४२ दशमलव ४० मा अन्तिम कारोबार भएको थियो। यही समायोजित मूल्यलाई आधार मानेर कम्पनीको शेयर सोमवार (आज)देखि दोस्रो बजारमा कारोबारमा आउनेछ।


## युनिभेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**का.म.न.पा. वडा नं. ३२, धर्मपथ, काठमाडौं**
**E-mail: univestcoop@gmail.com, Phone No.015326480**

**धितोमा रहेको घरजग्गा लिलाम बिक्रीको लागि प्रकाशित ३५ दिनेगोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको सूचना**

**(प्रथम पटक पत्रिकामा प्रकाशित ३५ दिने सूचनाको मिति २०८१/११/२६, सोमबार)**

**यस सहकारी संस्थाबाट कर्जा लिनुभएका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले आफुले लिएको कर्जाको साँवा व्याज नतिरी नबुझाई लिखत अनुसारको कर्जा सम्बन्धी शर्त सम्झौता उल्लंघन गर्नुका साथै कर्जा चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्नुका साथै मिति २०८१/०४/०६ गतेको नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत अटेर गरी संस्थामा उपस्थित भई कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले यो धितो लिलामीको सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपाई ऋणी तथा जमानी कर्ताहरु संस्थामा उपस्थित भई कर्जाको सम्पूर्ण साँवा व्याज, हर्जना व्याज लगाएत अन्य दै-दस्तुर चुक्ता भुक्तानी गर्नुहोला। अन्यथा ३६औं दिनका दिन कर्जा लिंदा तपाईहरुले संस्थासँग गर्नुभएको शर्त कबुलियत, तमसुक तथा सहकारी ऐन, २०७४ को दफा ७९ तथा ऐ. को नियमावली, २०७५ को परिच्छेद ८ (ऋण असुली तथा बाँकी बक्यौता) को नियम ३० बमोजिम तथा संस्थाको नियमानुसार गोप्य सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने भएको हुंदा यो गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको तथा प्रचलित कानून बमोजिम धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा तल उल्लेखित मिति, समय र स्थानमा लिलाम बढाबढबाट धितोमा रहेको सम्पत्ति लिलाम गरी संस्थाले आफ्नो लेना असुल उपर गर्ने छ। साथै, सो धितो जग्गा खरिद/सकार गरी लिने ईच्छुक व्यक्ति तथा संस्थाहरु लाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। धितोमा रहेको सो सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरुले गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस संस्थामा बुझाउन सक्नु हुनेछ। सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरु तपसिल खण्डमा उल्लेख गरिएको छ। यस सम्बन्धी थप जानकारीको लागि यस संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ।**

**तपसिल**

| क्र.स | ऋणीको तिनपुस्ते | धनजमानी विवरण |
|---|---|---|
| १. | **ऋणीको नाम: भिम बहादुर श्रेष्ठ**<br>बुवाको नाम: लक्ष्मी बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क।<br>हाल काठमाण्डौं जिल्ला वडा नं १२, कपनं<br>ना.प्र.नं.: २६७२६/११०६६० (२०५९/०१/१८)<br>**धितोको विवरण**<br>१) जग्गा धनीको नाम: भिम बहादुर श्रेष्ठ<br>कित्ता नं. र क्षेत्रफल<br>कित्ता नं. ८५, ९४ र ९५,<br>(६४.६५, १२२ र ९० वर्ग मि)<br>ठेगाना : का.म.न.पा वडा नं. ३ सतुंगल बोसीगाउँ रोड, चन्द्रागिरी। | **धनजमानी दिनेको नाम:**<br>**१. कमला श्रेष्ठ**<br>बुवाको नाम: सनक बहादुर तमाङ्ग<br>बाजेको नाम: चलान बहादुर तमाङ्ग<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क, हाल काठमाण्डौं जिल्ला वडा नं १० महाकाल बुढानिलकण्ठ।<br>ना.प्र.नं. २४-०-७०-०२८५३ (२०७०/०६ /०१)<br>**२. प्रज्ञा डंगोल**<br>बुवाको नाम: बासु नारायण डंगोल<br>बाजेको नाम: जगत नारायण डंगोल<br>ठेगाना: काठमाण्डौं जिल्ला<br>वडा नं १६, बालाजु, हाल काठमाण्डौं जिल्ला वडा नं १२ कपन।<br>ना.प्र.नं.: २८४१ (२०५७/१०/१३<br>**३. कृष्ण बहादुर श्रेष्ठ**<br>बुवाको नाम: राम बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२, बाँसखर्क हाल काठमाण्डौं जिल्ला वडा नं १० महाकाल, बुढानिलकण्ठ<br>ना.प्र.नं.: ९३३९३ (२०५५/११/१८)<br>**४. इन्द्र बहादुर श्रेष्ठ**<br>बुवाको नाम: राम बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क हाल काठमाण्डौं जिल्ला वडा नं १२, कपन।<br>ना.प्र.नं.: ४८२/७५१३३ (२०५२/०८/२५) |
| २. | **ऋणीको नाम: कमला श्रेष्ठ**<br>बुवाको नाम: सनक बहादुर तमाङ्ग<br>बाजेको नाम: चलान बहादुर तमाङ्ग<br>पतिको नाम: कृष्ण बहादुर श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक,<br>जिल्ला वडा नं २<br>बाँसखर्क, हाल काठमाण्डौं जिल्ला<br>वडा नं १० बुढानिलकण्ठ<br>ना.प्र.नं.: २४-०-७०-०२८५३<br>(२०७०/०६/०१)<br>**धितोको विवरण**<br>२) जग्गा धनीको नाम :<br>कमला श्रेष्ठ<br>कित्ता नं. र क्षेत्रफल<br>कित्ता नं. १६, ६३ र ९६<br>(६५.८३, ९२.७८ र १८४.५० वर्ग मि)<br>ठेगाना: का.म.न.पा वडा नं. ३, सतुंगल<br>बोसीगाउँ रोड, चन्द्रागिरी | **धनजमानी दिनेको नाम:**<br>**१. भिम बहादुर श्रेष्ठ**<br>बुवाको नाम: लक्ष्मी बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क, हाल काठमाण्डौं जिल्ला वडा नं १२, कपनं।<br>ना.प्र.नं.: २६७२६/११०६६० (२०५९/०१/ १८)<br>**२. प्रज्ञा डंगोल**<br>बुवाको नाम: बासु नारायण डंगोल<br>बाजेको नाम: जगत नारायण डंगोल<br>ठेगाना: काठमाण्डौं जिल्ला वडा नं १६, बालाजु, हाल काठमाण्डौं जिल्ला वडा नं १२ कपन।<br>ना.प्र.नं.: २८४१ (२०५७/१०/१३<br>**३. कृष्ण बहादुर श्रेष्ठ**<br>बुवाको नाम: राम बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क हाल काठमाण्डौं जिल्ला वडा नं १० महाकाल, बुढानिलकण्ठ<br>ना.प्र.नं.: ९३३९३ (२०५५/११/१८)<br>**४. इन्द्र बहादुर श्रेष्ठ**<br>बुवाको नाम: राम बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क हाल काठमाण्डौं जिल्ला वडा नं १२ कपन।<br>ना.प्र.नं.: ४८२/७५१३३ (२०५२/०८/२५) |
| ३. | **ऋणीको नाम: प्रज्ञा डंगोल**<br>बुवाको नाम: बासु नारायण डंगोल<br>बाजेको नाम: जगत नारायण डंगोल<br>ठेगाना: काठमाण्डौं जिल्ला वडा नं १६,<br>बालाजु, हाल काठमाण्डौं जिल्ला<br>वडा नं १२ कपन<br>ना.प्र.नं.: २८४१ (२०५७/१०/१३)<br>**धितोको विवरण**<br>३) जग्गा धनीको नाम: प्रज्ञा डंगोल<br>कित्ता नं. र क्षेत्रफल<br>कित्ता नं. ९२ र ९३<br>(१९०.७८ र ७१.४३ वर्ग मि)<br>ठेगाना: का.म.न.पा वडा नं.३<br>सतुंगल बोसीगाउँ रोड, चन्द्रागिरी | **धनजमानी दिनेको नाम:**<br>**१. भिम बहादुर श्रेष्ठ**<br>बुवाको नाम: लक्ष्मी बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क, हाल काठमाण्डौं जिल्ला वडा नं १२, कपनं।<br>ना.प्र.नं.: २६७२६/११०६६० (२०५९/०१/ १८)<br>**२. कमला श्रेष्ठ**<br>बुवाको नाम: सनक बहादुर तमाङ्ग<br>बाजेको नाम: चलान बहादुर तमाङ्ग<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क, हाल काठमाण्डौं जिल्ला वडा नं १० महाकाल बुढानिलकण्ठ।<br>ना.प्र.नं. २४-०-७०-०२८५३ (२०७०/०६ /०१)<br>**३. कृष्ण बहादुर श्रेष्ठ**<br>बुवाको नाम :राम बहादुर श्रेष्ठ<br>बाजेको नाम : भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क हाल काठमाण्डौं जिल्ला वडा नं १०<br>महाकाल, बुढानिलकण्ठ<br>ना.प्र.नं.: ९३३९३ (२०५५/११/१८)<br>**४.इन्द्र बहादुर श्रेष्ठ**<br>बुवाको नाम: राम बहादुर श्रेष्ठ<br>बाजेको नाम: भक्त लाल श्रेष्ठ<br>ठेगाना: सिन्धुपालल्चोक जिल्ला वडा नं ०२ बाँसखर्क हाल काठमाण्डौं जिल्ला वडा नं १२ कपन।<br>ना.प्र.नं.: ४८२/७५१३३ (२०५२/०८/२५) |

**लिलाम बिक्रीका शर्तहरु:**

१. बोलपत्रवालाले बोलपत्र सिलबन्द गरी सोमा आफ्नो नाम, ठेगाना, लिलाम हुने घरजग्गाको विवरण र नागरिकताको प्रतिलिपि साथै पेश गर्नुपर्नेछ। कम्पनी वा फर्मको अद्यावधिक दर्ता प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ।
२. धितो लिलाम बढाबढमा भाग लिने व्यक्तिले आफूले कवुल गरेको अंकको १० प्रतिशतले हुने रकम धरौटी बापत यस संस्थाको बैक खातामा जम्मा गर्नुपर्नेछ। धितोमा रहेको जग्गाको बोल कबोल गर्दा अंक तथा अक्षरमा बोल अंक प्रष्ट लेख्नुपर्ने छ।
३ लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले लिलाम स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई जग्गा नामसारी गर्नुपर्नेछ। तोकिएको समय भित्र नामसारी गरी नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम तोकिएको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा लिलाम बढाबढ गरिनेछ।
५. लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
६. लिलाम विक्रि हुने अचल सम्पत्ति घर/जग्गाको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस संस्थाको कार्यालय का.जि., का.म.न.पा., वडा नं. ३२, धर्मपथ, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
७. सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम विक्रि गर्नुपर्ने जायजेथा लिलाम विक्रि गर्दा कसैले नसकारेमा संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ।
८. लिलाम विक्रि गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंले व्यहोर्नु पर्नेछ। धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।
९. संस्थामा सुरक्षणमा रहेको अचल धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी/जमानीको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।
१०. यो बोलपत्र फारम रु.५००/-(अक्षरेपी रु पाँच सय (फिर्ता नहुने) तिरी संस्थाबाट प्राप्त गर्न सकिने छ।
११. अन्य कुराहरु प्रचलित सहकारी सम्बन्धी ऐन, नियम, बिनियम तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

**वोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०८१ चैत्र ३१ गते**
**वोलपत्र खोल्ने दिन : २०८२ बैशाख २ गते**
**समय: दिनको १० बजे देखि ४ बजे सम्म।**
**स्थान: संस्थाको कार्यालय, धर्मपथ -३२, काठमाडौं।**

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, २६ फागुन २०८१ | Monday, 10 March 2025
आर्थिक अभियान



तस्वीर : रासस

**म्याग्दीको धवलागिरी गाउँपालिका-३ मा ढुंगेघरहरू रहेको मगर बस्ती मुनागाउँ । धवलागिरि गाउँपालिकाको केन्द्र रहेको यस गाउँबाट ढोरपाटन शिकार आरक्ष, गुर्जा, पूर्वी रुकुम, गुरिल्ला पदमार्ग, मुनामालिका र डोल्पाको पदयात्रामा जान सकिन्छ ।**

# नेप्सेको सिइओमा पूर्व सिइओसहित १० जनाको आवेदन

**अभियान संवाददाता**

काठमाडौं

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)को प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदका लागि १० जनाको आवेदन परेको छ । माघ २५ गतेदेखि रिक्त रहेको नेप्सेको सिइओका लागि नेप्सेका पूर्वसिइओ कृष्णबहादुर कार्कीको समेतको आवेदन परेको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

अर्थ मन्त्रालयका अनुसार कार्कीसँगै सिडिएस एण्ड क्लियरिङ लिमिटेड (सिडिएससी)का पूर्वसिइओ पूर्णप्रसाद आचार्यले पनि आवेदन दिएका छन् । आचार्यले सबैभन्दा पहिला आवेदन दिएको अर्थ मन्त्रालयका प्रेस सल्लाहकार भुवन केसीले जानकारी दिए । फागुन १२ देखि २५ गतेसम्म आवेदन खुला भएकोमा नेप्से र सिडिएससीका पूर्वसिइओसँगै बद्रीप्रसाद प्याकुरेल, नारदकुमार लुइटेल, युवराज दाहाल, प्रवीण अधिकारी, चूडामणि चापागाईं, विमलकुमार तिवारी, हेमन्त बस्याल र मुकुन्दराज जोशी छन् ।

नेप्सेको सिइओ नियुक्तिका लागि अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेलको संयोजकत्वमा तीनसदस्यीय समिति गठन गरिएको छ । समितिमा अर्का सहसचिव अमृत लम्साल र विज्ञ सदस्य डा. खोमराज खरेल सदस्य छन् । समितिको सिफारिशको आधारमा मन्त्रिपरिषद् बैठकले सिइओ नियुक्त गर्नेछ ।

नेप्सेको सिइओ पदका लागि अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन सूचना प्रविधि वा वाणिज्य वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी गरेको हुनुपर्ने व्यवस्था छ । ३० वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको, पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा ७ वर्ष उच्च व्यवस्थापकीय तहमा काम गरेको अनुभवसहित कम्तीमा १५ वर्षको कार्य अनुभव भएका व्यक्तिले उक्त पदका लागि आवेदन गर्न पाउने व्यवस्था छ । भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागूऔषध कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएका व्यक्ति नेप्सेको सीइओ हुन पाउँदैनन् ।

नेप्सेका सिइओ कार्की माघ २५ गतेदेखि बिदा भएसँगै नेप्सेको निमित्त प्रमुखको जिम्मेवारी हाल नेप्सेका प्रबन्धक निरञ्जन फुयालले सम्हालिरहेका छन् ।




### सिईओ पदका आवेदकहरू

१. पूर्ण प्रसाद आचार्य, इलाम
२. बद्रीप्रसाद प्याकुरेल, नुवाकोट
३. नारदकुमार लुइटेल, सर्लाही
४. युवराज दाहाल, झापा
५. प्रवीण अधिकारी, काभ्रेपलाञ्चोक
६. चूडामणि चापागाईं, झापा
७. विमलकुमार तिवारी, सिराहा
८. कृष्णबहादुर कार्की, पाल्पा
९. हेमन्त बस्याल, पाल्पा
१०. मुकुन्दराज जोशी, डँडेलधुरा

**नेप्सेको सिइओ नियुक्तिका लागि अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेलको संयोजकत्वमा तीनसदस्यीय समिति गठन भएको छ । समितिको सिफारिशको आधारमा मन्त्रिपरिषद् बैठकले सिइओ नियुक्त गर्नेछ ।**

४६ खर्ब रुपैयाँभन्दा बढी पूँजीकरण रहेको धितोपत्र दोस्रो बजारको नेतृत्व गर्ने व्यक्ति धितोपत्र बजारको समग्र अवस्था बुझेर आवश्यक नीति अवलम्बन गर्न सक्ने हुनुपर्ने नेप्सेका कर्मचारी बताउँछन् ।

नेप्सेको सिईओका लागि यसका पूर्व सिइओको आवेदन पर्नुलाई पहिलो कार्यकालमा गर्न बाँकी काम पूरा गर्ने चाहनाको रूपमा समेत बुझ्न सकिने एक उच्च अधिकारीले बताए । नेप्सेले अहिले साना तथा मझौला संगठित संस्था (एसएमई)हरूको छुट्टै कारोबार प्रणाली (एसएमई प्लेटफर्म) सञ्चालनका लागि गृहकार्य गरिरहेको छ । यसका लागि नेप्सेले विनियमावली बनाउने तयारी थालेको छ ।

नेप्सेले धितोपत्र बजार विकास र विस्तारका लागि विभिन्न योजना अघि सारे पनि कतिपय महत्त्वपूर्ण योजना भने अघि बढाउन सकेको छैन । नेप्सेले धितोपत्र कारोबारमा 'नेप्से ३०' इन्डेक्स सञ्चालनको घोषणा गरे कार्यान्वयनमा आउन सकेको छैन । दोस्रो स्टक एक्सचेञ्जको लाइसेन्सका लागि सरकारले नै तयारी गरिरहँदा नेप्से बलियो बनेर अघि बढ्नुपर्ने चुनौती छ । प्राथमिकतामा रहेको नेप्सेको निजीकरण/पुनःसंरचनाको विषय पनि अब आउने सिइओले अघि बढाउनुपर्नेछ । नेप्से आफ्नै र समग्र पूँजीबजारको विकासका लागि सरकारलाई समेत दबाब दिएर काम गर्न सक्ने व्यक्तिको आवश्यकता जानकारहरूले औंल्याएका छन् ।

# मध्यकालीगण्डकी आयोजना निर्माण शुरू

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा निर्माण हुने ६६ दशमलव ३ मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माणको काम शुरू भएको छ । आइएमई समूहको हाइड्रो सपोर्ट प्रालि प्रवर्द्धक रहेको आयोजनाको निर्माणस्थलमा परिचालित सिभिल ठेकेदार रुसुवा मल्टी जेभीले प्रारम्भिक चरणको पूर्वाधार निर्माण थालेको हो ।

अन्नपूर्ण गाउँपालिका-३ सुकेबगरमा ६ मिटर अग्लो बाँध बनाएर ४ दशमलव ८ किलोमिटर लामो सुरुङबाट पानी ल्याइनेछ, जुन अन्नपूर्ण-२ नौनीबगरमा निर्माण हुने विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ । सुकेबगरको इनलेट, नारच्याङ पुल नजिकैको अडिट र नौलीबगरको आउटलेटबाट शुरूङ निर्माण गरिने भएको छ । विद्युत्गृहदेखि आउटलेटको हेड एक सय पाँच मिटर अग्लो छ । नदी प्रवाही प्रकृतिको यस आयोजनाको विद्युत्गृह, स्विचयार्ड र नियन्त्रण कक्ष भूमिगत बनाइने भएको छ ।

**अन्नपूर्ण गाउँपालिका-३ सुकेबगरमा ६ मिटर अग्लो बाँध बनाएर ४ दशमलव ८ किलोमिटर लामो सुरुङबाट पानी ल्याइनेछ, जुन अन्नपूर्ण-२ नौनीबगरमा निर्माण हुने विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।**

मध्य कालीगण्डकीबाट उत्पादित विद्युत् नौलीबगर भन्दा ६ किलोमिटर माथि दानामा रहेको २२० केभी क्षमताको सबस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आबद्ध हुनेछ । आगामी तीन वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ । म्याग्दी जिल्ला भएर बग्ने कालीगण्डकी नदीमा निर्माण हुन लागेको यो पहिलो आयोजना हो । आयोजनाको रू. १२ अर्ब ९३ करोड लागत अनुमान गरिएको छ । नबिल बैंक लिमिटेडको नेतृत्वमा ६ ओटा वाणिज्य बैंकबाट ७५ प्रतिशत र प्रवर्द्धकका साथै शेयर लगानीकर्तामार्फत २५ प्रतिशत लगानी जुटाइने भएको छ । *रासस*

## तथ्यांकोवाच

# टोपीको विश्व आयात बजार १३ अर्ब ५२ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित टोपीको विश्व आयात १३ अर्ब ५२ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको टोपीको उत्पादन तथा निर्यात प्रवर्द्धनका लागि नेपालले पनि रणनीति तर्जुमा गर्न आवश्यक छ ।

| आयातकर्ता मुलुकहरु | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा प्रतिशत | भन्सार दर |
|---|---|---|---|---|
| विश्व | १३,५१८,४७९ | | १०० | |
| संयुक्त राज्य अमेरिका | ३,१४७,३८५ | -२,६२७,५३९ | २३.३ | ४.१ |
| जर्मनी | ९३७,३६० | -१२०,१३१ | ६.९ | १ |
| फ्रान्स | ७९९,५०० | -२२४,८९७ | ५.९ | १ |
| जापान | ६७२,९८२ | -४३५,१२३ | ५ | १.३ |
| इटाली | ५६०,४८४ | २१६,७९९ | ४.१ | १ |
| नेदरल्याण्ड्स | ५१४,८५० | ६६,७२९ | ३.८ | १ |
| संयुक्त अधिराज्य | ४७०,११६ | -३०५,९४४ | ३.५ | ०.६ |
| क्यानडा | ४६०,०९४ | -३८०,८४१ | ३.४ | ४.६ |
| स्पेन | ३६०,४६८ | -१४६,९७९ | २.७ | १ |
| कोरिया, गणतन्त्र | ३११,८४२ | -१९५,७४९ | २.३ | ४.५ |
| मेक्सिको | ३०४,२०१ | -८,०३३ | २.३ | ८.७ |
| पोल्याण्ड | २९९,४७९ | -५,८९६ | २.२ | १ |
| अष्ट्रेलिया | २७४,६५९ | -२५९,३७४ | २ | ०.९ |
| बेल्जियम | २६०,२४९ | ३९,०४२ | १.९ | १ |
| रूसी संघ | २५६,४९२ | -२४७,०६९ | १.९ | ९.९ |
| चीन | २५३,२७४ | ५,७७९,५०८ | १.९ | १४ |
| स्विट्जरल्याण्ड | २०९,६५४ | -१६४,१२१ | १.६ | ०.४ |
| अस्ट्रिया | १९३,८९८ | -५३,७८१ | १.४ | १ |
| स्वीडेन | १५४,०२८ | -४३,४९१ | १.१ | १ |
| संयुक्त अरब इमिरेट्स | १३९,८२२ | -७१,९९६ | १ | ४.५ |
| साउदी अरेबिया | १३३,०५० | -१२८,९०५ | १ | ५.९ |
| चेक गणराज्य | १३२,०८५ | -१५,१४४ | १ | १ |
| सिंगापुर | ११०,५५२ | -५६,०१६ | ०.८ | ० |
| डेनमार्क | ९९,७२९ | -२१,१७५ | ०.७ | १ |
| ब्राजिल | ८८,८८६ | -७९,४८६ | ०.७ | १८.९ |
| टर्की | ८८,००९ | ६,२९३ | ०.७ | १.४ |
| हङकङ, चीन | ८७,६०१ | -५,३१६ | ०.६ | ० |
| नर्वे | ८७,३३३ | -७७,८९८ | ०.६ | ० |
| ग्रीस | ८२,१६५ | -४०,८२३ | ०.६ | १ |
| इजरायल | ७८,९७८ | -५४,८५८ | ०.६ | ० |
| दक्षिण अफ्रिका | ७१,०५९ | -५०,४३७ | ०.५ | १९ |
| ताइपेई, चिनियाँ | ७०,५२७ | २०,७५२ | ०.५ | १० |
| चिली | ६६,७०१ | -६४,४३२ | ०.५ | ३.२ |
| फिनल्याण्ड | ६६,४८८ | -५३,६१० | ०.५ | १ |
| स्लोभाकिया | ६२,७३३ | -३५,६०५ | ०.५ | १ |
| आयरल्याण्ड | ६०,००४ | -५३,२३८ | ०.४ | १ |

| आयातकर्ता मुलुकहरु | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा प्रतिशत | भन्सार दर |
|---|---|---|---|---|
| पोर्चुगल | ५९,८८१ | ४४,००४ | ०.४ | १ |
| कोलम्बिया | ५९,२२६ | -४३,००८ | ०.४ | १०.९ |
| काजाकिस्तान | ५८,१८८ | -५६,२७१ | ०.४ | ९.८ |
| रोमानिया | ५६,०८४ | -३२,१९५ | ०.४ | १ |
| थाइल्याण्ड | ५६,०२९ | ३७,२७२ | ०.४ | १३.५ |
| फिलिपिन्स | ५४,९२३ | -४१,२०७ | ०.४ | ६.८ |
| हंगेरी | ५३,९६१ | -३४,८४८ | ०.४ | १ |
| मलेसिया | ५०,०३२ | १६,१७० | ०.४ | ० |
| न्यूजील्याण्ड | ४९,५७२ | -४२,६५८ | ०.४ | ४.४ |
| इन्डोनेसिया | ४९,२१३ | ३८,४२४ | ०.४ | १० |
| भियतनाम | ४८,७७७ | ६५८,३५८ | ०.४ | १५.८ |
| भारत | ४६,१५८ | ५१,८१३ | ०.३ | ७.९ |
| युक्रेन | ३८,०९९ | -२८,७८० | ०.३ | ८.१ |
| पेरु | ३४,८७७ | -२७,८९३ | ०.३ | ४.५ |
| मोरक्को | ३४,२२६ | -२३,५८९ | ०.३ | २४.१ |
| लिथुआनिया | ३३,१३१ | -९,३३९ | ०.२ | १ |
| पनामा | ३१,८५९ | -४२३ | ०.२ | १२.२ |
| अर्जेन्टिना | ३१,१०३ | -३१,०१७ | ०.२ | १८.९ |
| बंगलादेश | २८,१६३ | ६२९,०७६ | ०.२ | २४.४ |
| ग्वाटेमाला | २७,४०४ | -२४,२८२ | ०.२ | १२ |
| इक्वेडर | २५,९१९ | -२,९०९ | ०.२ | २१ |
| स्लोभेनिया | २३,७५६ | -१३,३०२ | ०.२ | १ |
| कुवेत | २२,७८७ | -२१,३६० | ०.२ | ४.५ |
| क्रोएसिया | २२,४२६ | १२,३६७ | ०.२ | १ |
| मकाउ, चीन | २२,०७८ | -२१,३०१ | ०.२ | ० |
| लाटभिया | २०,४६७ | -११,०४३ | ०.२ | १ |
| कोस्टा रिका | १७,१५५ | -१६,९०६ | ०.१ | १०.४ |
| डोमिनिकन गणराज्य | १६,०६७ | -११,८५४ | ०.१ | १२.१ |
| इस्टोनिया | १५,५९५ | -८,३७० | ०.१ | १ |
| बुल्गेरिया | १५,४६५ | २,०१० | ०.१ | १ |
| इराक | १५,०५३ | -१५,०२५ | ०.१ | ... |
| ओमान | १२,९५८ | -११,३५३ | ०.१ | ४.५ |
| कतार | १२,५२४ | -११,३११ | ०.१ | ४.५ |
| होन्डुरस | १२,४५६ | -११,८१३ | ०.१ | ८.९ |
| अल्जेरिया | ११,२८८ | -११,२२१ | ०.१ | २५.३ |
| भेनेजुएला, बोलिभेरियन गणराज्य | १०,७२७ | -१०,७०७ | ०.१ | १७.८ |
| आइसल्याण्ड | १०,७०६ | -१०,४३४ | ०.१ | ० |
| नेपाल | १०,०२७ | -३,८३९ | ०.१ | १३.८ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

# वृद्धवृद्धाको हेरचाहमा एआईको प्रयोग बढाउँदै चीन



पेचिङ । चीनले वृद्धवृद्धा र सामाजिक हेरचाहमा कृत्रिम बौद्धिकता (एआई) र बिग डेटाको प्रयोग बढाउने बताएको छ । चीन न्यून जन्मदर र घट्दो श्रमशक्तिसँग जुधिरहेका बेला अधिकारीहरूले यस्तो घोषणा गरेका हुन् ।

**हामी सामाजिक सहायता, वृद्ध हेरचाह र अशक्तको सेवाको क्षेत्रमा बिग डेटा र एआईजस्ता नयाँ प्रविधि, तिनको विकास र अनुप्रयोग बढाउनेछौं,' चिनियाँ नागरिक मामिलामन्त्री लु झियुआनले चीनको वार्षिक राजनीतिक भेलाको अवसरमा आयोजित पत्रकार सम्मेलनमा भने ।**

'हामी सामाजिक सहायता, वृद्ध हेरचाह र अशक्तको सेवाको क्षेत्रमा बिग डेटा र एआईजस्ता नयाँ प्रविधि, तिनको विकास र अनुप्रयोग बढाउनेछौं,' चिनियाँ नागरिक मामिलामन्त्री लु झियुआनले चीनको वार्षिक राजनीतिक भेलाको अवसरमा आयोजित पत्रकार सम्मेलनमा भने ।

उक्त कदमले सामाजिक सेवालाई अधिक सुविधाजनक, सुलभ र प्रभावकारी बनाउने लुले बताए । सन् २०२४ मा चीनको जनसंख्या लगातार तेस्रो वर्ष घटेको छ । त्यहाँ ६० वर्ष वा सोभन्दा बढी उमेरका ३१ करोडभन्दा बढी मानिस छन् । श्रमशक्ति खुम्चिँदै जाँदा सरकारले भविष्यको आर्थिक वृद्धिका लागि प्रविधिको प्रयोग गरिरहेको छ । गत जनवरीमा डिपसिकले आफ्नो च्याटबोटको पछिल्लो संस्करण सार्वजनिक गरेपछि स्थानीय सरकारहरूले आफ्नो सेवामा डिपसिकको एआई मोडेल लागू गर्न थालेका छन् ।

चिनियाँ कम्पनीहरूलाई उन्नत एआई चिप्सको विक्रीमा अमेरिकी प्रतिबन्धका बीच डिपसिकले यसका धेरै पश्चिमी एआई प्रतिस्पर्धीलाई पछि पारेको छ । राष्ट्रपति सी चिनफिङले गत महीना निजी कम्पनीहरूका लागि एक संगोष्ठी आयोजना गर्दा यस क्षेत्रका लागि सरकारको समर्थनको संकेत गरेका थिए । कार्यक्रममा धेरै एआई तथा अन्य प्रविधिका मालिक सहभागी थिए । संगोष्ठीमा डिपसिकका संस्थापक लियाङ वेनफेङका साथै टेन्सेन्ट, हुवावे र शाओमीजस्ता शीर्ष प्रविधि कम्पनीका प्रतिनिधि उपस्थित थिए । *एजेन्सी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर